वर्ष : १४, अंक : १२, काठमाडौं, २०७५ असार २२ गते शुक्रबार 6 July 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## मधेश अहिले पनि काठमाडौंकै उपनिवेश हो



**महन्थ ठाकुर**
**संयोजक, राष्ट्रिय जनता पार्टी नेपाल**

**० २००७/०८ सालदेखि मधेशमा जे जे मागहरू उठाइएका थिए, आज पनि तपाईंहरू त्यहीं माग उठाइरहनु भएको छ । तपाईंहरूको माग किन पूरा हुन सकिरहेको छैन ?**

– कसैको इतिहास सादा पानामा मात्रै सुरू हुँदैन । उसको जुन परम्परा छ, पूरानो इतिहास छ, संस्कृति छ त्यो साथ साथ जान्छ । त्यो निर्धारण गर्ने तत्व पनि हुन्छ । नेपालको आर्थिक इतिहास हेर्नुस् वा विद्वानहरूले के भनेका छन् भने मधेश नेपालको एउटा खानीको रूपमा मात्र हो, जहाँबाट सामानहरू मात्र लिन्छ तर त्यो भूमिको सुधारका लागि काम गरिँदैन । मधेशसँग यो व्यवहार हुँदै आएको छ । काठमाडौं उपनिवेश छ मधेशमा, त्यसैले मधेशका आर्थिक स्रोतहरूको दोहन गर्छ तर त्यसको विकासका लागि केही गरिँदैन । अहिलेसम्म यो परम्परा शासकहरूको नजरमा परिवर्तन भएको छैन । राष्ट्रिय/अन्तर्राष्ट्रिय मञ्चमा नेपाल विविधताले भरिएको देश हो भनिन्छ तर यहाँका शासन/प्रशासनहरू कस्तो छ, के त्यसमा अहिलेसम्म परिवर्तन भएको छ ? आरक्षणको व्यवस्था कसको पक्षमा गर्ने हो, जो अहिलेसम्म अलग-थलग राखिएको छ, जो उपेक्षित थिए, जसले अवसरै पाएन तिनीहरूका लागि त आरक्षणको व्यवस्था ल्याइएको हो नि ।

**० तपाईं पनि कांग्रेसमा हुँदा दर्जनौं पटक मन्त्री भइसक्नुभएको छ, शासन/प्रशासन चलाइसक्नुभएको छ । मधेश अथवा अन्य उत्पीडित समुदायहरूका लागि अधिकार पुऱ्याउन के कुराले छेक्दो रहेछ ?**

– यसको एउटै जवाफ के छ भने अहिलेसम्म नेपालमा यति धेरै संविधान बन्यो ती सबै किन असफल भयो त । यो संविधान पनि त सर्वसम्मत ढंगले लागू गरिएको छ । तर विरोध त जारी छ, सबैले स्वीकार गरिसकेको छैन ।

*विस्तृत अन्तर्वार्ता पृष्ठ ८ मा*

# बाढी र डुबानको मारमा मधेश

## केन्द्र र प्रदेशलाई न चासो, न चिन्ता

**मधेशवाणी डेस्क**

काठमाडौं । अविरल वर्षाका कारण तराई-मधेशमा आएको बाढीका कारण मधेशका विभिन्न जिल्लामा मानवीय तथा भौतिक क्षति हुँदै आएको छ । बाढीबाट अहिले पूरा मधेश त्राहिमाम छ । मधेशीहरूको जीवन अहिले जीवन-मरणको दोसाँधमा पुगेको छ ।

हरेक वर्षझैं यस वर्ष पनि वर्षायाम सुरू भएसँगै मधेशका अधिकांश गाउँदेखि सहरहरू जलमग्न हुन थालेका छन् । लगातारको वर्षाका कारण जलमग्न हुनुका साथै बाढी आउने त्रासमा बाँचिरहेका छन् मधेशवासी ।

मधेश डुबान हुनु कुनै नौलो समस्या होइन, वर्षेनी यस्ता प्राकृतिक विपतिबाट क्षति बेहोर्दै आएको छ मधेशले । तर, यसको दीर्घकालीन समाधानबारे सरकारको ध्यान जानु त परैको कुरा हो यहाँका जनप्रतिनिधिहरूले पनि पहल गरेको पाइँदैन ।

संसदमा सांसदहरूले आवाज उठाउँछन् तर यसका लागि कहिल्यै पनि आन्दोलन गरेको पाइँदैन । राजनीतिक अगुवा वा सामाजिक अभियन्ताहरू डुबान समस्याबाट मुक्तिका लागि धर्ना, रैली, प्रदर्शन वा कुनै किसिमको कार्यक्रम गरेको पाइँदैन ।

सरोकारवाला पक्षहरूले ठोस कदम नचाल्दा पछिल्ला वर्षहरूमा डुबानको समस्या जटिल बन्दै गएको तथ्यांकले बताउँछ । सामान्य वर्षामा पनि डुबान हुनु सामान्य कुराझैं भइसकेको छ । सामान्य वर्षामा पनि पानीको निकास राम्रो हुन नसक्दा गाउँदेखि सहरमा डुबानको समस्या जटिल बन्दै गएको हो ।

यो डुबानको समस्या मधेशका झापादेखि कञ्चनपुरसम्म नै देखिएको छ । झापा, सुनसरी, मोरङ, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, बाँके, बर्दिया लगायत जिल्लाहरूका शहरहरू डुबानमा पर्ने गरेका छन् ।



**सुस्त प्रदेश**

वर्षाले प्रदेशमा बाढी आएर जनधनको क्षति हुन थालेपनि प्रदेश सरकार सुस्त बसेको छ । कतिपय खोलामा बाढी खतरा सतहसम्म पुगिसकेको भएपनि प्रदेश सरकारले आवश्यक कार्य गर्न सकेको छैन् ।

प्रदेश २ को आन्तरिक मामिला तथा कानून मन्त्रालयमा गठन गरिएको विपद् व्यवस्थापन कोषमा २ करोड रूपैयाँ छुट्याइएको छ । तर, खर्च गर्न सकिएको छैन । राष्ट्रिय आपतकालीन केन्द्र काठमाडौंबाट राहत तथा उद्धारका लागि केही दिनअघि नै एक ट्रक सामान पनि आन्तरिक मामिला तथा कानून मन्त्रालयमा आइसकेको छ । आवश्यक्ता अनुसार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको समन्वयमा काम हुने बताइएको छ ।

बाढीको पूर्वसूचना दिने प्रविधि प्रदेश सरकारसँग छैन । जल तथा मौसम विज्ञान विभागले दिने सूचनाको आधारमा बाढी र मौसमको पूर्वानुमान गरिन्छ । प्रदेशका जोखिमयुक्त क्षेत्रबारे पनि प्रदेश सरकारसँग पर्याप्त र भरपर्दो जानकारी छैन । रौतहट र सर्लाहीको लालबकैया खोलामा बाढीले कटान गरेर गाउँमा पानी पस्ने खतरा छ । तर, पूर्वसूचना प्रणालीको प्रविधि जडान नभएका कारण समस्या भएको छ ।

बाढी एक प्राकृतिक प्रक्रिया हो । पृथ्वीको भू-परिधिमा रहने पानीको सतह (जस्तै नदी नाला, ताल तलैया, समुन्द्र, ढल पाइप, भल निकास) बाट जमीनको सुक्खा क्षेत्र जलमग्न हुनुलाई बाढी भनिन्छ । हामीले बाढीलाई पूर्णत रोक्न त सक्दैनौं तर त्यसबाट हुने क्षतिलाई न्यूनीकरण गर्न भने अवश्य सक्छौं ।

विशेषरूपमा वर्सेनी मधेश डुबानमा पर्दछ, अनि छिमेकी भारतले नेपालको सिमाना नजिक बनाएका तटबन्ध र बाँधका कारण नेपाल डुबानमा पर्यो भन्ने समाचार बन्छ । यदि भारतको कारणले मात्र नेपालमा बाढीको समस्या जटिल बनेको हो सबै नदीमा भारतले तटबन्ध बनाएको हो त ? के भारतीय तटबन्ध तथा बाँधको कारण मात्रले तराई जलमग्न हुने हो त ? यसको उत्तर खोज्नु अघि सामान्य भाषामा नदी बहावको प्राकृतिक प्रक्रियालाई बुझ्नु पर्ने हुन्छ । तर आफूलाई मात्र विज्ञ ठान्नेहरूले आफनो कारणले नभई भारतको कारणले मात्र नेपालमा बाढी आएको एक पक्षीय तर्क गर्ने गर्छन ।

भारतीय तटबन्ध तथा बाँधहरूले नेपालबाट बग्ने नदीहरूको प्राकृतिक बहावलाई मात्र रोकेको भन्ने तर्क गर्न मिल्दैन । तर हामीले कुन हदसम्म नदी दोहन गरेका छौं ? विकास निर्माणको कारण देखाउँदै अव्यवस्थितरूपमा अनियन्त्रित तबरले नदी नालाबाट ढुंगा, माटो, गिटी बालुवा झिकिराखेका छौं भन्ने तर्फ विचार गर्दैनौं ।

हामीले नदी दोहन रोक्न, संरक्षण गर्न, बाढी व्यवस्थापन गर्न के कस्ता कार्यहरू गरेका छौं ? त्यसको वैज्ञानिक मूल्यांकन भएको छ ? देश संघियतामा गइसकेपछि स्थानीय सरकारलाई प्राकृतिक स्रोत साधनको संरक्षण गर्ने अधिकार प्रदान गरिएको छ । तर स्थानीय सरकारले वैज्ञानिक ढंगले नदी जन्य प्राकृतिक स्रोतको सदुपयोग गरेका छन् की यसलाई आय-स्रोतको आधार बनाएका छन ? यसको खबरदारी नागरिक समाजले गर्नु आवश्यक छ ।

**राहतको पर्खाइ**

सुगम क्षेत्र मधेशमा बाढी र डुबानले भौतिक पूर्वाधारमा पुऱ्याएको क्षतिले दुर्गमजस्तै बनेको समेत पाइन्छ ।

पीडितहरूलाई न्यायोचित राहत र क्षतिपूर्ति उपलब्ध गराउन एवम् पुनर्स्थापना र पुनर्निर्माणमा राज्य उदासिन भएकै कारण तराई मधेशका धेरै गरीब घरबारबिहीन भएर जाडो खेपिरहेका छन । असारको पहिलो बाढीका कारण तराई मधेशका कृषक, उद्योगी, व्यापारी लगायत सबै क्षेत्रमा असर पुऱ्याएको छ ।

एकातर्फ पुननिर्माणको कार्यमा अग्रसरता देख्न सकिएको छैन भने अर्कातर्फ भत्कीएका बाँध र बाढीकै कारण जिर्ण बनेका संरचनाहरूको पुननिर्माणमा हुने ढिलाइले आगामी वर्षातमा थप आतंक सिर्जना हुने देखिन्छ ।

राजनीतिक दलहरूले समेत यस विषयमा अपेक्षाकृत चासो र चिन्ता देखाउन सकेका छैनन् । राजनीतिक दल र सरकारको प्राथमिकतामा बाढी पीडितहरू नपर्नु दु:खद विषय हो ।

## प्रदेश २ मा प्रदेश प्रहरी ऐन पेश

जनकपुरधाम । प्रदेश २ को सरकारले आफ्नै प्रहरी निकाय स्थापनाका लागि तयार पारेको प्रहरी ऐन सेवा सम्बन्धी विधेयक प्रदेशसभामा पेश गरेको छ । आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादवले प्रदेशसभाको बैठकमा विधेयक पेश गरेको हो । देशको ७ वटै प्रदेशमध्ये प्रदेश २ ले यो विधेयक पहिले ल्याएको हो । प्रदेशसभाबाट यो विधेयक पारित भएपछि प्रदेश २ को सरकारले पहिलो चरणमा ९ सय प्रहरी भर्ना गर्न पाउनेछ । प्रदेश प्रहरी ऐनमा प्रदेश २ को प्रहरी ५ प्रकृतिको रहने उल्लेख छ । जनपद प्रहरी, प्राविधिक प्रहरी, पर्यटक प्रहरी, सामुदायिक प्रहरी र ट्राफिक प्रहरी समूह रहने व्यवस्था ऐनमा छ । प्रदेश प्रहरीको प्रमुख राप प्रथम श्रेणीका प्रहरी महानिरीक्षक रहने छ । र, त्यही श्रेणीका वरिष्ठ प्रहरी उपरीक्षकलाई सेकेन्ड म्यान तोकिएको छ । द्वितीय श्रेणीका प्रहरी उपरिक्षक र प्रहरी नायव उपरिक्षक र तृतिय श्रेणी प्रहरी निरीक्षक रहने व्यवस्था प्रदेश प्रहरी ऐनमा गरिएको छ । विधेयकमा प्रदेश प्रहरीको संगठन संरचना र प्रहरीको संख्या संघीय सरकारको सहमतिमा प्रदेश सरकारले तोक्ने उल्लेख छ । प्रदेश प्रहरीको कमान्ड आन्तरिक मामिला मन्त्रालयले सम्हाल्ने र प्रहरी महानिरीक्षक प्रदेश प्रहरी प्रमुख रहने व्यवस्था विधेयकमा गरिएको छ । संघीय सरकारले अहिले प्रदेश प्रहरी प्रमुखमा डीआइजी खटाएको छ । मन्त्री यादवले संविधानको धारा २६८(२) मा प्रत्येक प्रदेशमा छुट्टै प्रहरी संगठन रहने व्यवस्थालाई नै टेकेर प्रदेश प्रहरी ऐन प्रदेशसभामा पेश गरिएको बताए । विधेयकको आर्थिक टिप्पणीमा मन्त्री यादवले प्रदेश २ मा प्रहरीको छुट्टै संगठन संरचना तयार गर्न र आवश्यक जनशक्तिको छनौट तथा उनीहरूलाई प्रदान गर्ने सेवा-सुविधा सहित प्रशासनिक काममा वार्षिक १ अर्ब रूपैयाँ खर्च लाग्ने उल्लेख गरेको छ ।

## मधेशको स्वार्थ पूरा गर्न फोरम सरकारमा गएको हो : विमलप्रसाद श्रीवास्तव



## प्रदेश र केन्द्र सरकारले 'वीरगन्ज'को महत्व बुझेको छैन : विजय कुमार सरावगी



अन्तर्वार्ता पृष्ठ ३ मा

**समय-सन्दर्भ**

जेपी गुप्ता



# आउनुस् हजूर, विचारौं किसानको अवस्था..!

पोहोर सालको मंसीररपौष महिनामा पूर्वी नेपालका बजारहरूमा आम किसानले उब्जाउने धानको अधिकत्तम मूल्य प्रति क्वीन्टल रू. २०५०।- थियो । मनको रू. ८१०।- त्यसै बखत सीमावर्ती भारतीय बजारमा सोही धानको मूल्य प्रति क्वीन्टल नेरू. २४८०।- रहेको थियो ।

बुधबार भारत सरकारले यस बर्षका लागि धानको समर्थन मूल्य भारू. १७५०।- तोकेको छ । यसको नेरू. २८००।- हुन आउँछ ।

भारतमा निम्नत्तम् समर्थन मूल्य तोकिएपछि २५ करोड भारतीय किसानले उब्जाउने धान सो मूल्यमा खरीद गर्ने व्यवस्था त्यहाँको सरकारले गर्दछ । नेपालमा पनि सरकारले समय(समयमा यसरी नै समर्थन मूल्य तोक्ने गर्दछ । तर, सरकारले किसानको धान खरीद गर्दैन ।

बाध्यतावश किसान खुला बजारमा धान बेच्न बाध्य हुन्छ । जहाँ गत बर्ष प्रति क्वीन्टल मूल्य रू. २०५०।- को मूल्य थियो । गत बर्ष नै भारतको बजार भन्दा नेपाली धानको मूल्य प्रति क्वीन्टल नेरू ४३०।- कम थियो । यस बर्ष यदि नेपाली धानको अघिल्लै बर्षको मूल्य रह्यो भने भारतको भन्दा यहाँको धानको मूल्य क्वीन्टलको नेरू ७५०।- कम हुनेछ ।

एक जना नेपाली किसानले यदि ट्र्याक्टरको एक ट्रली धान सीमावर्ती भारतीय बजारमा पुर्यायो भने कम्तिमा पनि १० टन धान लोड गरिन्छ । अर्थात, १०० क्वीन्टल धान । यदि कुनै नेपाली किसानले १० टन धान लोड गरेर बेच्नका लागि सीमावर्ती भारतीय बजार पुऱ्याउँछ भने नेपालको तुलनामा उसले नेरू. ७५०००।- बढी पाउँछ ।

भारतका प्रधानमंत्री नरेन्द्र मोदीले नेपाली संसदमा भनेका थिए, पहाडले पानी र जवानीलाई रोक्न सक्दैन । त्यो तल झर्छ झर्छ । यो बडो महत्वको प्रतिकात्मक अभिव्यक्ति थियो । भारतका सीमावर्ती नेपाली क्षेत्रका कृषि उपजमा यो हुबहु लागु हुन्छ ।

**सिंहदरबारका हुन् वा बिराटनगर अथवा जनकपुरका सरकार हुन् यस बिषयमा कुनै सोच बनाएको देखिन्न् ।**

नेपाल सरकारले धानको भारत निकासीलाई जति नै रोक्न खोजेपनि बढी मूल्यको किसान चाहनालाई रोक्न सकिन्न् । नेपालका शसस्र प्रहरीले रू. २०००।- घूस लिएर ट्याक्टर जान दिन्छ । यो उसको राजधर्म हो । गर्छ गर्छ । भारतीय एसएसबीले कुनै रोक टोक गर्दैन ।

यौटा ट्याक्टरको भाडा बढीमा प्रतिदिन नेरू. ४०००।- पर्छ । यसरी कूल खर्च ६-७०००।- पर्न जान्छ । एक ट्याक्टर धान सीमावर्ती भारतीय बजारमा पुऱ्याइँदा किसानलाई खर्च कटाई औसतमा नेरू. ६८०००।- बचत वा नाफा हुन्छ । बढी लागत र कम नाफामा धान बेच्नका लागि बाध्य किसानको लागि यो ठूलो बचत हो । नाफा हो । यो बिषय फगतको गफाडी राष्ट्रियताको गजेडी गफ भन्दा बढी महत्वपूर्ण छ किसानका लागि । तराईका पर्वते किसान हुन् वा मधेशी- यसमा सहमति हुन्छ । यो सीमावर्ती नेपाली किसानको अर्थशास्त्र हो ।

भर्खरै गएको असार १५ का दिन नेपालमा धान दिवस मनाइयो, रमाइलो भयो । तर, नेपाली कृषि उपजको यस अवस्था र किसानको यस पीडामा कुनै छलफल भएन । सिंहदरबारका हुन् वा बिराटनगर अथवा जनकपुरका सरकार हुन् यस बिषयमा कुनै सोच बनाएको देखिन्न् ।

वर्षेनी भारतबाट चामल आयात गर्न हामी बाध्य छौं । औपचारिक वा अनौपचारिक दुबै तरहबाट । नेपालबाट भारत तर्फ धान जान दिनु हुँदैन भन्ने कुरा मागको रूपमा उठिरहेको हुन्छ । यस्ता मांग गर्नेहरूलाई कृषि बजारको दारूण अवस्था र कृषि अर्थतन्त्रको वारेमा कुनै ज्ञान छैन भन्दा अन्यथा नहोला ।

मैले माथी उल्लेख गरेको अवस्था विद्यमान रहेसम्म नेपालमा जति नै बढी धानको उपज भएपनि नेपाल धानमा आत्मनिर्भर हुन सक्दैन । सार्थक विचार हुनु जरूरी छ ।





# सम्पादकीय



## मधेशको धान र नेपालको अर्थतन्त्र

धान नेपालको प्रमुख खाद्यान्न बाली हो । नेपालमा खेती भइरहेको कुल ३० लाख ९१ हजार हेक्टरमध्ये करीब १५ लाख हेक्टरमा धान लगाउने गरिएको छ । नेपालमा ७० प्रतिशत धान उत्पादन तराई-मधेश, २७ प्रतिशत मध्यपहाड र ३ प्रतिशत उच्च पहाडमा हुने गरेको छ ।

कृषि विकास मन्त्रालयको तथ्यांकअनुसार अढाइ दशक (सन् १९९०/९१-२०१५/१६) मा धानको क्षेत्रफल र उत्पादन तलमाथि भएको छ। २०००/०१ मा धानको क्षेत्रफल १५ लाख ६० हजार हेक्टरसम्म पुगेकोमा २०१५/१६ मा १३ लाख ६३ हजार भयो । रोपाईंका लागि मनसुन पर्खनु परेको, राजमार्ग छेउका खेत मासेर सिंचाइ पुगेका ठाउँमा घडेरी प्लटिङ गरेको र कतै बाढी त कतै सुक्खाले पनि यो अवस्था आएको हो । २०१३/१४ मा धान उत्पादन ५० लाख टन भएकोमा गत वर्ष ४३ लाख टनभन्दा तल झरेको छ। धान उत्पादन सुनिश्चित बनाउन सिंचाइ, वातावरण अनुकूल बीउ र प्रविधिको प्याकेज किसानमा लैजानुपर्ने सन्देश यसले दिएको छ । गएको दशकमा मौसम परिवर्तनका असर स्वरूप बाढी, पहिरो र सुक्खा बढी देखिए । २००८ मा बाढीले ६० लाख जनसंख्या प्रभावित भएको अध्ययनहरूले बताएका छन् । यो अवस्थामा धानबालीका लागि भरपर्दो सिंचाइको व्यवस्था गर्नुको विकल्प छैन ।

मधेशका किसानले केही वर्षयता मौसम परिवर्तनको चर्कै समस्या बेहोर्दै आएका छन् । यसले गर्दा एकातिर किसानको लगानी डुब्ने र अर्कोतिर अर्बौंको धान/चामल आयात गर्नु परिरहेको छ । धान उत्पादन बढाउने उद्देश्यले हरेक वर्ष असार १५ गते धान दिवस मनाइन्छ तर उत्पादन भने बढ्न सकेको छैन । कृषिको परनिर्भरता कम गर्न र किसानलाई हौसला पुर्‍याउन प्रत्येक वर्ष धान दिवस मनाइँदै आएको हो तापनि कृषि गर्ने युवाहरू देशमा खाली हुँदैछन् ।

**खाद्यान्नको बढ्दो माग पूरा गर्न धानबाली उत्पादन वृद्धि गर्नु टड्कारो आवश्यक्ता छ। बढी उत्पादन वृद्धि गर्न असल बीउ, मल, जात, आदिका अतिरिक्त रोग नियन्त्रणका उपायको बारेमा पनि ध्यान पुर्‍याउनु नितान्त जरूरी छ।**

गत वर्ष धान रोप्ने समयमा अनुकूल वर्षा भएकोले विगतका वर्षहरूको तुलनामा उत्पादन बढेको थियो भने चालू वर्षमा भने धानको उत्पादन केही प्रतिशत बढ्ने अनुमान गरिए पनि मनसुन बेलामा सक्रिय नभएको कारणले घट्ने सम्बन्धित क्षेत्रका विज्ञहरूले जनाएका छन् ।

धानको मूल्य सामान्य रूपमा सात रूपैयाँ प्रतिकिलो हुँदा पनि नेपालमा प्रतिवर्ष ३० अर्ब रूपैयाँभन्दा बढीको धान उत्पादन हुने अनुमान सम्बन्धित क्षेत्रको थियो । कृषिप्रधान मुलुक नेपालको प्रमुख बाली धान हो । कुल खाद्यान्न उत्पादनमा धानले ८० प्रतिशत अंश ओगटेको छ। कुल खेतीयोग्य जमिनमध्ये ५५ प्रतिशत जमिनमा धानखेती हुन्छ । धानको उत्पादकत्व प्रतिहेक्टर खासै वृद्धि हुन पनि नसकेको विगतमा गरेको अनुमानले देखाएको छ । जनसंख्या प्रतिवर्ष एक दशमलव ३५ प्रतिशत बढीले वृद्धि भएको अवस्थामा यसरी प्रमुख खाद्यान्न बालीको उत्पादन घट्नु खाद्यान्न सुरक्षाकै दृष्टिले चिन्ताको विषय हो ।

खाद्यान्नको बढ्दो माग पूरा गर्न धानबाली उत्पादन वृद्धि गर्नु टड्कारो आवश्यक्ता छ। बढी उत्पादन वृद्धि गर्न असल बीउ, मल, जात, आदिका अतिरिक्त रोग नियन्त्रणका उपायको बारेमा पनि ध्यान पुर्‍याउनु नितान्त जरूरी छ।

मुलुकमा धानबाली क्षेत्रफल र उत्पादनको हिसाबले प्रमुख खाद्यान्न बाली हो। यसले रोजगारी र आय-आर्जनमा पनि विशेष योगदान पुर्‍याइरहेको छ। देशको हिमाली र पहाडी क्षेत्रभन्दा तराई क्षेत्रले धान उत्पादनमा प्रमुख स्थान ओगटेको छ। मुलुकको कुल खाद्यान्न बाली उत्पादनमा धानको योगदान सबैभन्दा बढी रहेको छ र कृषि गार्हस्थ उत्पादनमा २० प्रतिशत योगदान दिएको छ ।

बदलिँदो परिस्थितिमा सामाजिक न्याय तथा समानताको सिद्धान्तमा मौलिक तथा संवैधानिक हकसमेतमा प्रत्याभूत हुने गरी आर्थिक समृद्धिको प्रमूख अव्यवको रूपमा कृषिलाई अंगिकार गर्नु तराई-मधेशको विकासको मूलमन्त्र हुन सक्दछ। तराई मधेशको हरेक संभावनालाई दृष्टिगत गरी अन्नबालीमा धान, गहुँ र मकै, दलहनमा मसुर, अरहर, चना, केराउ, मूग र मास, तेलहनमा तोरी, सूर्यमूखी, बदाम, तिल र कुसुम, विभिन्न नगदे तरकारी बालीमा आलु, प्याज, लसुन, टमाटर, खुर्सानी, उँखु, सूर्ती, कपास, जुट आदिका साथै र फलफूलमा आँप, लिची, कटहर, केरा, अम्बा, मेवा, सोहजन, अनार तथा विभिन्न किसिमका फूलहरूको उत्पादनमा जोड दिनु आवश्यक देखिन्छ। त्यस्तै तराई मधेशको अति उत्पादनशील मत्स्यपालन, पशुपन्छी पालनमा गाई, भैसी, बाख्रा, बंगुर, कुखुरा, परेवा, हाँस पालनलाई महत्वका साथ दूध, अंडा तथा मासु उत्पादनमा प्रवर्द्धन गर्नु पर्ने हुन्छ। विभिन्न नदीको बगर, नहर, सार्वजनिक जग्गा तथा जंगलमा नगदे बाली तथा जडीबुटी उत्पादन, कृषिमा आधारित उद्योग धन्दा एवं कृषि पर्यटन समेतको प्रर्वद्धन गर्न सकिन्छ ।

## साताको सात बात



प्रतिपक्षमा रहँदा सुशासन र पारदर्शिताको कुरा गरेर नथाक्ने नेताहरू नै सत्तामा पूगेपछि निरकुंश हुन थाल्दा रहेछन्। अहिलेको सरकारले संविधानको व्यवस्थालाई समेत अतिक्रमण गर्न खोजेको छ भने सामन्तीबादी चरित्र देखाईरहेको छ। यसरी विपन्न जनताको समस्या समाधान हुँदैन। **सुशीला कार्की, पूर्वप्रधानन्यायाधीश**



संघ, प्रदेश तथा स्थानीय सरकारका बीचमा समन्वय तथा सहकार्य गरेर जनताको विकासको चाहना पूरा गर्नका लागि अब दृढतापूर्वक लाग्नुपर्छ। विकासको लागि कृषि, शिक्षा, स्वास्थ्य, उद्योग तथा पूर्वाधारको विकासमा जोड दिनुपर्छ। **माधव कुमार नेपाल, नेता, नेपाल कम्युनिष्ट पार्टी**



देशमा गुणस्तरीय शिक्षा र राम्रो अपस्तालको विकास गर्न सके मुलुक आफैं विकास र समृद्ध हुन्छ। राम्रो शिक्षा पाए रोजगारको समस्या समाधान हुन्छ, सबै उपचार हुने राम्रा अपस्ताल बने जनता निरोगी हुन्छन्। **उपेन्द्र यादव, उपप्रधान एवं स्वास्थ्यमन्त्री**



राजपा र फोरम दुइ नम्बरमा मात्र केन्द्रित हुँदा संमग्र पूर्वदेखि पश्चिमसम्म मधेशको छुट्टै पार्टी बन्न जरूरी भईसकेको छ। मधेशमा कम्युनिष्टप्रति दृष्टिकोण त्यति सकारात्मक छैन। यदि मुद्दामा उदारतापूर्वक नेकपा आयो भने एकीकरणको प्रक्रियाालाई अगाडि बढ्छ। **हृदयेश त्रिपाठी, स्वतन्त्र सांसद**



चुरेको संरक्षण बेलैमा नगरे तराई मधेश मरूभूमिमा परिणत हुनसक्छ। चुरेको संरक्षणविना तराई मधेशको भविष्य छैन। नेपालको मानव विकास सूचकांकमा अहिले पनि मधेश पछाडि पर्दै आइरहेको छ। अब यो क्षेत्रका विकासका लागि सबैले पहल गरेर अगाडि बढ्नुपर्छ। **महेन्द्र यादव, अध्यक्ष मण्डलका सदस्य राजपा नेपाल**



सरकारको गतिविधि हेर्दा शासन पञ्चायतीजस्तो, शासकहरू राजा र महाराजाजस्ता देखिन्छन्, यो ठीक छैन, सरकारका गतिविधिहरू हुकुमी शैलीका आदेशमा चलेका छन्, कानूनमा होईन, गफ बढि दिने तर काम कम देखियो यसले गर्दा लोकतान्त्रिक मुल्य र मान्यताहरू कमजोर बनेको छ। **रमेश लेखक, नेता, नेपाली कांग्रेस**



मधेश आन्दोलनको भावनाविपरित संघीय समाजवादी फोरम केन्द्रीय सरकारमा गयो। नेकपा र फोरमबीच भएको दुईबुँदे सहमति सत्तामा चढ्ने सिँढीमात्रै हो। केन्द्रीय सरकारमा जाने हाम्रो पार्टीको कुनै सोच छैन। **मनीष सुमन, नेता, राष्ट्रिय जनता पार्टी**

# अर्को जंगबहादुरको रूपमा ओलीको उदय



**अरविन्द साह**

आआफ्नो शक्ति बढाउन राजपरिवारभित्र बनेका गुट उपगुटले गर्दा खेल्न मौका पाएका जगलबहादुर राणाले कोत पर्व र भण्डारखाल पर्वको आडमा सयकडौं भारदार तथा दरबरियाहरूलाई आफ्नो तरबारले हत्या गरी शक्तिमा आएपछि राजा राजेन्द्र शाहलाई पदच्यूत गरी युवराज सुरेन्द्र शाहलाई राजा बनाई वि.सं. १९०३ कार्तिक १२ गते देशका प्रधानमन्त्री र कमाण्डर इन चिफ बने। राजकीय सम्पूर्ण अधिकार सहित सन्तान दर सन्तान १०४ वर्षसम्म जंगबहादुर क्रूरतापूर्वक नेपालमा शासक भई शासन गरे। राणा कालीन शासन व्यवस्थामा कुनै पनि मधेशीलाई राज्यको कुनै पनि भूमिकामा राखेका थिएनन्। मधेशीले काठमाडौं प्रवेश गर्न पासपोर्ट लिनुपर्ने कानूनी व्यवस्था थियो।

त्यस्तै मधेशीलाई अधिकारबाट वञ्चित राख्न र मधेश आन्दोलनलाई दबाउन सयकडौं वीर मधेशी निहत्था जनतालाई गोलीको शिकार बनाई राष्ट्रियताको नाममा शक्तिशाली प्रधानमन्त्रीको रूपमा खड्गप्रसाद ओलीको उदय भएको छ।

शाह वंशीय राजाको पालादेखि शोषण, उत्पीडन, अन्याय, अत्याचार र विभेदमा पारिँदै आएका मधेशी, दलित र थारू समुदाय आआफ्नो हक अधिकारका लागि पटक-पटक आन्दोलनमार्फत् आफ्नो आवाज उठाउँदै आएका छन् तर राज्यले कुनै वास्ता गरेको छैन।

२०६३/०६४ को मधेश विद्रोहबाट प्रभावित तत्कालीन प्रधानमन्त्री एवं राष्ट्र प्रमुख गिरिजाप्रसाद कोइरालाले मधेशी मोर्चासँग गरेको २०६४ साल फाल्गुन १६ गते ८ बुँदे सम्झौता र नेपालको अन्तरिम संविधान २०६३ को मर्म र भावनालाई समेत बेवास्ता गरी दोस्रो संविधानसभाबाट शासकवर्ग आफ्नो अनुकूल संविधान निर्माण गर्न लागेपछि अर्को तेस्रो मधेश विद्रोह भयो। मेचीदेखि महाकालीसम्मका मधेशी, दलित, महिला, मुस्लिम र थारू समुदाय शासकको अन्याय अत्याचार विरूद्ध आन्दोलनमा उत्रिए। आन्दोलनलाई दबाउन तत्कालीन नेपाली कांग्रेस र एमालेको गठबन्धन सरकारद्वारा सञ्चालित पुलिस प्रशासन निहत्था मधेशी जनताको टाउको र छातीमा गोली हान्दै मृत्युको शैय्यामा पुर्‍याउँदै गयो। मधेश क्षेत्रलाई दंगाग्रस्त क्षेत्र घोषणा गरी कर्फ्यु लगाई नेपालको संविधान २०७२ जारी गरियो।

मधेश आन्दोलनलाई बेवास्ता गरी २०७२ साल आश्विन ३ गते जारी गरिएको नेपालको संविधान २०७२ लाई मधेशी जनताले जलाउँदै भीषण आन्दोलनमा उत्रिएपछि सत्तासीन भएका तत्कालीन प्रधानमन्त्री केपी ओलीको मधेशी समुदायमाथि आक्रोश बढ्दै गयो। दुई चार ओटा आँप खस्दैमा केही फरक पर्दैन भन्दै मधेशी माथि गोलीको बौछार गर्न थालियो। युपि बिहारी, माखे मधेशी विखण्डनकारी भन्दै पहाडी सेन्टिमेन्ट हातमा लिदै मधेशीमाथि बबरतापूर्ण दमन चक्र चलाउन थाले। गाउँघर टोल शहरबाट मधेशी माथि गोली चलाउँदै लखेट्दै भारतको सीमामा पुर्‍याइयो। केपी ओलीको अपमानजनक शब्द र गोली लाठीको प्रहारले गर्दा मधेशी आन्दोलनकारी भारतीय सिमाना छेउमा पुग्न बाध्य भए। मधेशी आन्दोलनकारीले नाकाबन्दी गरी आवतजावत पूर्णरूपेण बन्द गरेपछि दैनिक उपभोग्य वस्तुको अभावमा परेका पहाडी समुदाय पनि मधेशीमाथि खनिदै प्रधानमन्त्री केपी ओलीको काँधमा काँध मिलाएर परिणाम स्वरू मधेशीको रगतको खोलो र लाशको ढेर लाग्दै गयो।

शोषण प्रवृत्तिले नै संसारलाई यत्रो दुर्दशामा पुर्‍याएको छ। शोषकहरूको अन्याय, अत्याचार, विभेद र शोषण प्रवृत्तिको परिणाम नै हो गरिबी, जुन नरकीय जीवनभन्दा पनि बढी दर्दनाक हुन्छ। आलिशान र वैभवशाली संगमरमरका ठूला-ठूला गगनचुम्बी महल, दरबार र भवनहरू, मोटर गाडी, लावालश्कर, नोकर चाकर, सुरासुन्दरी, अपार सम्पदा आदिको लोभ लालचले गर्दा नै मुट्ठिभर मान्छे दानवीय रूप धारण गरेका हुन्छन्। अर्बौं खर्बौंको आम्दानी कसरी आउँछ ? चिल्ला-चिल्ला गाला र राताराता ओठ कसको रगतले रंगिन्छ ? यो कुनै भाग र भगवानबाट आएको हुँदैन। त्यो सबै किसान, मजदूर, गरिब, पराश्रमिक र युवाहरूको आफ्नो खुन, पसिना, मिहेनत र त्यागबाट उत्पादन गरेका उत्पादकत्वलाई शोषण गरी शोषकवर्गले थपार्ने गरेका अकूत सम्पत्ति हो।

मधेशी समुदायलाई दबाउन सफल भएकै कारण मधेशका आठ जिल्ला अर्थात प्रदेश २ बाहेक अन्य सबै प्रदेशमा स्थानीय तह, प्रदेश सभा र प्रतिनिधिसभाको निर्वाचनमा केपी ओलीले भारी बहुमत प्राप्त गरी सबैभन्दा ठूलो पार्टीको हैसियतमा उभिएपछि कम्युनिष्ट एकताको नाममा माओवादी केन्द्रलाई आफ्नो साथमा मिसाउँदै दुई तिहाई बहुमत भएको शक्तिशाली प्रधानमन्त्रीको रूपमा केपी ओलीको उदय भएको छ। जंगबहादुर राणा राजा सुरेन्द्र शाहलाई कठपुतली बनाई शक्तिशाली बनेको जस्तै केपी ओलीले पुष्पकमल दाहाल 'प्रचण्ड' लाई आफ्नो प्रभावमा पारी नेपालको इतिहासमै सबैभन्दा शक्तिशाली प्रधानमन्त्री बनेका छन्। अति महत्वाकांक्षी व्यक्ति केपी ओली नाटकीय ढंगले संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवलाई समेत सत्तामा सहभागी बनाउन सफल भएका छन् भने पुलिसकर्मीहरूलाई आन्दोलनको क्रममा ज्यान मारेको आरोपमा बन्दी गृहमा थुनामा रहेका जननिर्वाचित प्रतिनिधिसभा सदस्य रेशमलाल चौधरीलाई रिहाई र संविधान संशोधन गरी मधेशीको माग सम्बोधन गर्ने गराउने शर्तमा मधेशको अर्को शक्ति राजपा नेपाल पनि सत्तासीन हुने कुरा चर्चामा छ। जंगबहादुर राणा आफ्नो चतुराईले मधेशका पश्चिमी भूभाग अँग्रेजबाट फिर्ता लिए जस्तै केपी ओली पनि मधेशी समुदायलाई हातमा पारी मधेशलाई विखण्डनबाट जोगाउने हो कि चर्चा छ। विश्वस्त हुन शंका छ।

*(लेखक राजपाका नेता हुन्।)*

**जंगबहादुर राणा राजा सुरेन्द्र शाहलाई कठपुतली बनाई शक्तिशाली बनेको जस्तै केपी ओलीले पुष्पकमल दाहाल 'प्रचण्ड' लाई आफ्नो प्रभावमा पारी नेपालको इतिहासमै सबैभन्दा शक्तिशाली प्रधानमन्त्री बनेका छन्। अति महत्वाकांक्षी व्यक्ति केपी ओली नाटकीय ढंगले संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवलाई समेत सत्तामा सहभागी बनाउन सफल भएका छन् ।**

# विकासको डुबानमा मधेश र राहतको खोज



**राकेश प्रसाद चौधरी**

'जवानीमे खेलाडी आ बुढारीमे घिउँढारी' यो उखान मधेशको विकासको अवस्था, डुबान अर्थात बाढी र कटानको स्थिती तथा राहतको राजनीतिबारे सहजीकरण गर्न मद्दत गर्छ। हुनत: मधेशमा निर्माण कार्य वा समयमा गरिनुपर्ने कार्यसम्पादन अलिक ढिलो गर्दा 'भोजके बेर बिक्ष्ण (बीउँ) गिरावे, बुढारीमे घिउँढारी' सहितको उखानको प्रयोग धेरै सुनिन्छ। मैथिली, भोजपुरी, बज्जिका, थारू, उर्दुसहितका भाषाहरूमा बनेका यस्ता अनेकन उखानहरू मधेशको गाउँशहरमा सुन्ने गरिन्छ।

मधेश बनाउनुछ भन्ने शब्द आजकल नेता एवं स्थानीयदेखि केन्द्रसम्मका प्रतिनिधिहरूको मुखबाट अलिक बढी प्रयोग हुन्छ। बारम्बार प्रयोग हुन्छ । चलनचल्तीमा रहेको यो शब्द एवं वाक्यको सापटी लिने कार्यकर्ताहरूको जमात ठुलो भइसकेको छ। यसको प्रत्यक्ष असर जनताले तिर्ने करमा परेको छ। सरकारी सेवा सुविधा महँगिएको छ।

मधेशका नदीनालामा बर्षाको पानीले नृत्य गर्न थालेको छ, आँगन सानो भइसकेको छ। कुनै बेला पानीको बहाव दायाँबायाँ मोडिन सक्छ। यसबाट जनधनको क्षति हुने निश्चित प्राय: छ। विपद्को बेला कसरी बाँच्ने भनेर चेतनामूलक कार्यक्रम गर्न बजेट खर्चिएको छ। नदी, नहरको जीर्णोद्वार गर्न रकम समेत खर्चिएको छ। त्यो कार्यक्रम साँच्चिकै भयो वा कागज मात्र मिलान भएको हो बारे सूचना तथा भ्रष्टाचार बिरोधी अभियानीले खोजनीति गर्ने नै छन्। अहिले अनियमितता र भ्रष्टाचारको मूल कारण असार महिनामा सरकारी रकम खर्च गर्न दिइनु नै हो। यसका हिस्सेदारको दायरा अलिक ठुलो होला। यसको असर दुई ठाउँमा देखिएको छ। थोरै इमान्दार भएर काम गर्दाको परिणाम पनि त्यति सुखदायी छैन। त्यही जनताको चेतना बढाउन गरिनुपर्ने लाखौंलाख रूपैयाको कार्यक्रम कागजमै गर्दा खोजीनीति गर्ने निकाय छैन।

थोरै इमान्दार भएर काम गर्दा नदीमा आउने बाढीले गर्ने क्षतिभन्दा अलिक कम खतरापूर्ण छ। तर यसको मानसिक असर बाढीभन्दा बढी खतरनाक छ। गाउँशहर सबै ठाउँमा असारे विकास भइरहेको छ। जनताको ध्यान पनि निर्माण कार्यमा मात्र छ। विकास निर्माणभन्दा कैयौं गुणा बढी रकम चेतनामूलक कार्यक्रम, चेतना विकास, ज्ञानसीप अभिबृद्धिमा खर्च भइसकेको छ। यसबारे पक्कै पनि जून समूदायका लागि कार्यक्रम भएको हो, त्यसमध्ये धेरैलाई थाहा छैन।

धेरै ठाउँमा नगरपालिकाको मेयर र गाउँपालिकाको अध्यक्षले गर्ने कार्यक्रमबारे वडाअध्यक्षलाई थाहा छैन, प्रदेश र संघीय सांसदले गर्ने काम मेयर एवं अध्यक्षलाई थाहा छैन। जिल्ला समन्वय समितिको सभापतिले गर्ने काम अन्यलाई थाहा छैन। सूचना अदानप्रदानमा राखिएको गोपनियताले धेरै नगरपालिका र गाउँपालिका द्वन्द्वरत अवस्थामा छ। यी जनमतबाट जितेका पदाधिकारीहरूलाई डुबान, कटान र बर्षातको क्षति पूर्वानुमान गर्ने फर्सद नै छैन। भएभरको बजेटलाई कसरी बढीभन्दा बढी दुरूपयोग गर्न सकिने योजना बनाउन मस्त छन्। चिंता जनताको भन्दा पनि बजेट, नीति, कार्यक्रमको छ। नगर एवं गाउँपालिकाका सरोकारवालाले नागरिकलाई संविधान र कानूनले व्यबस्था गरेको सूचनाको हकलाई सनुख्खी(सन्दुक)मा ताल्चा लगाई बन्द गरिएको छ। सूचना माग गर्दा उत्तर दिने कोही छैन। सबैले मधेशमा विकास गरिरहेकोले जनतालाई सूचना दिने काम त्यति महत्वपूर्ण मानिएको छैन।

थोरै इमान्दारीपूर्वक गरिएका केही चेतना, सीप, ज्ञान विकासको कार्यक्रममा खेतीबारे चिकित्सक, स्वास्थ्यबारे कम्प्युटर प्राविधिक, बिज्ञान प्रविधि एवं इन्टरनेटबारे तरकारी ब्यापारी, विपद्को बारेमा पशुपालकलगायतकाले सहजीकरण एवं प्रशिक्षण गर्छ। नगरपालिका एवं गाउँपालिकाले बिना मापदण्ड, सहजकर्ता एवं प्रशिक्षकको योग्यता, सम्झौता गर्ने संघसंस्थाको योग्यताभन्दा बढी 'व्यवहार' लाई महत्व दिएको देखिएको छ। लेनदेनको लाई सामाजिक कार्यको भाषामा 'व्यवहार' भन्ने गरिन्छ। सुचना अभियानीहरूले नगर एवं गाउँपालिकाले सम्पन्न गरेका भौतिक एवं सामाजिक विकासको प्रगति विवरण माग गरेर सार्वजनिक परीक्षणका लागि जनतालाई सहयोग गर्नेछन्। त्यही नभएको कार्यक्रमबारे जानकारी पाउँछन्। साथै थोरै इमान्दारीपूर्वक भएका कार्यहरूमा संलग्न भएका संघसंस्था, सहजकर्ता एवं प्रशिक्षकको योग्यताबारे नागरिकले थाहा पाउनेछन्।

बाढीले गतबर्ष क्षति भोगेकाहरूमध्ये थोरैले मात्रै यस बर्ष राहत पाएको गुनाँसो छ। धेरै ठाउँमा राजनीतिक हस्तक्षेप भएर नपाउनेहरूले राहत पाएको टिकाटिप्पणी भइरहेको छ। पक्कैपनि यो बर्ष नृत्यको तयारीमा रहेको नदीनालाले क्षति गर्दा अर्कोबर्ष राहतमा कति 'व्यवहार' गर्ने भनेर सरोकारवालाहरू सोचिरहेका होलान। तर अहिले गाउँशहरमा भएको असारे विकासले मानसिक असर परेकाहरूको संख्या हजारौं छ। बिभिन्न गाउँ र टोलमा प्राविधिक सहयोगमा उपभोक्ता समिति, ठेकेदार र मालदारहरूले गरेको विकास निर्माण कार्यले पानीको निकास नै प्रभावित बनेको छ। टोलटोलमा बर्षाको पानी जमेको छ। लामखुट्टेको आतंक छ। जमेको पानीबाट ओहरदोहर गर्दा पानीजन्य रोगबाट ग्रामिण मात्र नभई शहरी क्षेत्रका नागरिक परेसान छन्।

'आँगन सुखल घरमे पानी' भनेजस्तै विकासले गर्दा गाउँ, शहर टापुको समूह बनेको छ। प्रतिनिधिहरू चुनाव भएको खर्च र यसबर्ष भएको व्यवहारको मुखमिलान गर्दै अर्को बर्ष कुन संघसंस्था, उपभोक्ता समिति, ठेकेदार र मालदारलाई काम दिएमा राम्रो व्यवहार हुन्छ भनेर योजना बनाउन मस्त छन्। असार बित्छ, साउन आउँछ। त्यसपछि न त नदीले नृत्य गर्छ, न त विकासको कारण डुबान र टापु भएका गाउँशहरको कुरा आउँछ। प्रतिनिधिहरूको भाषणमा राहत, क्षतिपूर्ती, समृद्ध मधेश, विकासको कुराहरू मिठो तरीकाले प्रस्तुत हुन्छ। त्यसपछि इन्तजार समाप्त भएर पुन: असार महिना आउँछ। यो क्रम फेरि चलिरहन्छ। समान्य नागरिकले नपाए पनि केही बोल्दैन, केही पाए भने त बोल्ने कुरा नै आउँदैन।

असार महिनामा हुने आर्थिक बर्षको समाप्तीलाई संशोधन गरेर संस्थागत भइसकेको अनियमितता र भ्रष्टाचार रोक्न सकिने अवस्था अहिले देखिएको छैन। यस्ता गलत गतिविधिलाई रोक्न नागरिक एवं नागरिक समाज सशक्त ढंगले उठ्नुपर्छ र सुचनाको हकलाई हतियारको रूपमा प्रयोग गर्नुपर्छ।

# मधेशको स्वार्थ पूरा गर्न फोरम सरकारमा गएको हो

प्रधानमन्त्री केपी ओलीलाई हामीले नराम्रो भने पनि उहाँ अहिले दुई तिहाई बहुमतको सरकारको नेतृत्व गरिरहनु भएको छ। उहाँले हामीसँग भएको सम्झौता अनुरूप काम गरिदिनुभयो भने मधेशप्रतिको सोचाईमा परिवर्तन आएको रहेछ भनेर बुझ्न सकिन्छ।



**विमल प्रसाद श्रीवास्तव**
**प्रतिनिधिसभा सदस्य**
**संघीय समाजवादी फोरम, नेपाल**

**० दुई बुँदे सहमति गरेर सरकारमा गएको संघीय समाजवादी फोरमको माग कहिले पूरा हुन्छ ?**

– निश्चिय पनि हाम्रो पार्टी दुई बुँदे सहमति गरेर सरकारमा सहभागि भएको हो। संविधन संशोधनको विषयमा कुरा अगाडि बढिसकेको छ। सबै प्रक्रिया पुऱ्याएर यसलाई अन्तिम रूप दिइन्छ। जे सहमति गरेर हामी सरकारमा गएका छौं त्यो पूरा हुन्छ र हामीले गरेरै छाड्छौं।

**० संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टी नेपालकै माग थियो संविधान संशोधन, अहिलेको अवस्थामा यो विषयमा राजपासँग छलफल भएको छ कि छैन ?**

– संघीय समाजवादी फोरम र राजपा नेपालको एउटै माग हो भन्ने बुझाई नै गलत हो। आफ्नो आफ्नो पार्टीको आफ्नो-आफ्नो अवधारणा छ। त्यसमा हाम्रो एजेण्डा मध्ये संविधान संशोधन पनि थियो। राजपाको पनि विभिन्न एजेण्डाहरू मध्ये संविधान संशोधन पनि हो। सन्दर्भवश कुनै कुनै कुरा मिल्न गएको होला तर यसको अर्थ दुवै पार्टीको एजेण्डा एउटै हो भन्ने कुरा होइन। उद्देश्य एउटै हुन सक्ला। हामीले जुन उद्देश्यका लागि सरकारमा गएका छौं त्यो उद्देश्य प्राप्त गर्ने दिशामा धेरै अगाडि बढिसकेका छौं।

**० त्यसो भए राजपा र फोरमको संविधान संशोधनको माग पनि फरक-फरक हो ?**

– उद्देश्य एउटै हुनसक्ला तर प्रक्रिया अलग छन्, अवधारणाहरू अलग छन्।

**० तर, मधेश आन्दोलन त तपाईंहरूले एउटै माग राखेर गर्नुभएको थियो नि ?**

– कुनै समयमा राजपाले चुनाव वहिष्कार गरेको थियो भने हामी चुनावमा गएका थियौं। एजेण्डा हामीले छोडेनौं र त चुनावमा पनि गयौं। पछि हामीले जुन बाटो लिएका थियौं त्यही बाटोमा राजपा पनि आएर निर्वाचनमा सहभागी भयो। त्यति बेला के संयोग मिल्यो भने हामीले एकअर्कोसँग मिलेर नै चुनाव लड्यौं। संयोग मिल्नु आफ्नो ठाउँको कुरा हो तर प्रक्रियाहरू फरक फरक थिए। त्यही अनुसार अहिले पनि हामी अगाडि बढिरहेका छौं।

**० संविधान संशोधनको ड्राफ्ट ल्याउँदा पनि राजपाका नेताहरूसँग कुनै छलफल हुँदैन त ?**

– राजनीतिक हिसाबले त हामी सबै दलहरूसँग छलफल गर्छौं। अब सरकारले नै संविधान संशोधनको प्रस्ताव ल्याउँछ, हामीले होइन। सरकारले ल्याउने संविधान संशोधनको प्रस्तावमा हाम्रो जुन मुख्य उद्देश्य थियो त्यो समावेश हुनुपर्दछ भन्नेमा हाम्रो जोड रहेको छ।

**० निर्वाचनको समयमा खासगरी नेकपा एमालेलाई टार्गेट गरेर, एमालेलाई मधेश विरोधी पार्टीको रूपमा देखाएर चुनाव जित्नुभयो। अहिले त्यही पार्टीको नेतृत्वमा रहेको सरकारमा सहभागी हुनुभएको छ। यो सरकारले तपाईंहरूले भने अनुसारको संविधान संशोधन गर्छ भन्नेमा कति विश्वास गर्नुभएको छ ?**

– चुनाव जित्नका लागि कसले के भन्छन्, कोसँग तालमेल गर्छ त्यो एउटा फरक विषय भयो। हाम्रो उद्देश्य मधेशको विषयमा संविधानमा समावेश नभएका बुँदाहरूलाई समावेश गराउनु हो। त्यो विषयलाई हामीले संविधानमा समेट्ने प्रयासमा छौं। अहिले दुईवटा कम्युनिष्ट पार्टी मिलेर बलियो बाम गठबन्धको सरकार निर्माण भएको छ, यस्तो अवस्थामा मधेशको माग पूरा गर्न उनीहरूको साथ नलिई र उनीहरूसँगै सहमति सम्झौता नगरी यो काम गर्न असम्भव नै हो। यो अवस्थामा सरकारले नै सरकारमा सहभागी हुन हामीलाई आह्वान गऱ्य। तसर्थ, मधेशको उद्देश्य र स्वार्थ पूरा गर्नकै लागि हामी बामगठबन्धको सरकारमा सहभागी भएका हौं।

**० प्रधानमन्त्री भईसकेपछि केपी ओलीको मधेशप्रतिको धारणामा परिवर्तन आएको पाउनुभएको छ ?**

– राजनीतिमा को दुश्मन हुन्छ को मित्र हुन्छ भन्न गाह्रो हुन्छ। चुनावको समयमा आ-आफ्नो एजेण्डा हुन्छ। त्यतिबेलाको माहोल अब सकियो। ओलीज्यूलाई हामीले नराम्रो भने पनि उहाँ अहिले दुई तिहाई बहुमतको सरकारको नेतृत्व गरिरहनु भएको छ। उहाँले हामीसँग भएको सम्झौता अनुरूप काम गरिदिनुभयो भने मधेशप्रतिको सोचाईमा परिवर्तन आएको रहेछ भनेर बुझ्न सकिन्छ।

**० यो सरकारको कार्यशैली सन्तोषजनक लाग्छ ?**

– हामी सरकारमा सहभागी भएको एक महिना हुँदैछ। त्यसकारण सबै कुरा राम्रो भइरहेको छ भनेर भन्न सकिन्न तर खराब छ भनेर भन्न हतार गर्नुपर्ने अवस्था पनि छैन। कमीकमजोरीलाई सुधार गर्दै जनताको आकांक्षा अनुसार काम गर्ने सक्नुपर्छ र जनताको समस्यालाई समाधान तर्फ अग्रसर भएर अगाडि बढ्यो भने जनताको मन जित्न सरकार सफल हुन्छ। अहिले तराई/मधेशमा बाढी पहिरोको समस्या देखा परेको छ। यो समयमा त्यहाँका जनतालाई राहत उपलब्ध गराउनु र बाढीपहिरोको क्षति कम गर्न दीर्घकालीन योजना बनाउनु सरकारको दायित्व हो। यतातिर सरकारको ध्यान जान जरूरी छ।

**० मधेशका हरेक जिल्लामा अहिले बाढीको प्रकोप बढ्दै गएको छ ? बाढीबाट हुने क्षति न्यूनीकरणको लागि के हुँदैछ ?**

– प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरणको लागि नेपाल सरकारले विशेष ध्यान दिनु आवश्यक छ। म मेरो आफ्नो व्यक्तिगत र पार्टीको तर्फबाट बाढीबाट हुने क्षति कम गर्न भूमिका निर्वाह गर्छु र हाम्रो पार्टीका सांसदहरूले संसदमा यस विषयमा कुरा उठाएर सरकारको ध्यानाआकर्षण गराएका छन्।

**० वर्षेनी हुने यस्ता समस्याहरूको दीर्घकालीन समाधान तर्फ सरकारको ध्यान किन जान नसकेको होला ?**

– यस्ता विषयहरूमा सरकारले ध्यान नदिनु दुर्भाग्य हो। बाढी पहिरोबाट पीडितहरूलाई तत्काल राहतको व्यवस्था गरिए पनि यसको दीर्घकालीन समाधान नखोज्दासम्म बर्षेनी यो समस्या दोहोरिरहन्छ। त्यसैले अहिले निर्माण भएको बलियो सरकारले त्यस क्षेत्रका जनताको समस्या बुझेर दीर्घकालीन समाधान खोज्न जरूरी छ। सरकारको ध्यान नै गएन भनेर भन्न त मिल्दैन तर जनताको आवश्यक्ता अनुसार सरकारले काम गर्न नसकेको हो।

**० प्रदेश नम्बर २ मा फोरम र राजपाको संयुक्त सरकार छ। तपाईंहरू यता केन्द्रमा नेकपाको सरकारमा सहभागी हुनुभएको छ भने उता प्रदेश २ मा नेकपाले समर्थन फिर्ता लिएको अवस्था छ नि, यस्तो किन ?**

– कतिपय कुराहरू संयोग मात्र हुन जान्छ। कांग्रेस र नेकपाले समर्थन फिर्ता लियो भन्दैमा दुई नम्बर प्रदेशमा राजपा र फोरमको गठबन्धनमा निर्माण भएको सरकार ढल्दैन। प्रदेशको हाम्रो रणनीति अलग छ। त्यहाँ अहिले पनि राजपासँग हाम्रो सहमति छँदैछ र कुनै विमति छैन। अहिले प्रदेश २ को सरकार परिवर्तन हुने कुनै सम्भावना छैन। यसमा शंका नगर्दा हुन्छ। राजपा र फोरमबीच जे-जे सहमति भएको छ त्यसमा विमति भएन भने प्रदेश २ मा हाम्रो सहकार्य निरन्तर रहन्छ।

**० फोरम र राजपाको गठबन्धन प्रदेश २ बाहेक अन्य क्षेत्रमा विस्तार हुन नसक्नुको कारण के हो ?**

– परिस्थिति अनुसार चुनावमा गइयो, त्यसमा पनि आवश्यक्ता महसुस भएको ठाउँमा गठबन्धन निर्माण गरियो। अन्य ठाउँमा पनि गठबन्धन बनाएर जान सकेको भए नतिजा फरक आउन सक्थ्यो। तर दुर्भाग्य नै भनौं, प्रदेश १ र प्रदेश ५ मा हामीले गठबन्धन बनाएर जान सकेनौं तर निर्वाचनबाट प्राप्त भएको परिणामबाट हामी खुसी छौं। यसबाट पछि हामीले एउटा पाठ पनि सिक्नेछौं। आगामी निर्वाचनमा प्रदेश २ बाहेक अन्य क्षेत्रमा पनि हामी गठबन्धनको लागि प्रयास गर्नेछौं।

**० भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको हालै सम्पन्न नेपाल भ्रमणबाट दुई देशबीचको सम्बन्धमा कस्तो परिवर्तन आएको छ ?**

– नेपाल र भारतको सम्बन्ध हामीले बनाएर बनेको सम्बन्ध होइन। यो पुस्तौं पुस्तादेखिको सम्बन्ध हो। मधेश र भारतको बीचमा खुल्ला सिमाना भएर पनि हामीबीच बेटीरोटीको सम्बन्ध स्थापित भएको छ। त्यसैले कसैले चाहेर वा आफ्नो केही स्वार्थले सम्बन्ध बिगार्ने खोज्छ भने पनि यो सम्बन्ध बिग्रिदैन। यो सम्बन्ध बिगार्न कसैले खोज्छ भने त्यो कल्पना मात्र हुनेछ।

# प्रदेश र केन्द्र सरकारले 'वीरगन्ज'को महत्व बुझेको छैन

विगतमा जसरी तराई-मधेशसँग केन्द्रीय सत्ताले विभेद गर्दै आएको थियो त्यसकै निरन्तरताको रूपमा हामीले लिएका छौं। केन्द्रले वीरगन्जलाई महत्व दिन सकेन भने वीरगन्जबाट जसरी देशले सेवा पाउन सक्छ। आगामी दिनमा वीरगन्ज त्यो किसिमको सेवा दिनसक्ने अवस्थामा रहँदैन। यो कुरा प्रदेश र केन्द्र सरकारले बुझ्नै पर्छ।



**विजय कुमार सरावगी**
**मेयर, वीरगन्ज महानगरपालिका, पर्सा**

**० मेयर भएपछि वीरगन्ज महानगरपालिकाका लागि के-के उल्लेखनीय काम गर्नुभयो ?**

– म मेयर भइसकेपछि वीरगन्जमा जति पनि पुराजा आयोजनाहरू चलिरहेका थिए, ती सबैलाई द्रूतगति दिएका छौं। त्यसपछि महानगरपालिकाबाट दिइने सेवाहरू कसरी गुणस्तरीय बनाउने त्यसमा लाग्यौं। ऐन, नियम र कानून निर्माणमा लाग्यौं। सँगसँगै वीरगन्जका लागि एउटा 'मास्टर प्लान' पनि तयार भयो जसलाई हामी विस्तारै लागू गर्दैछौं। आगामी पाँच वर्षभित्र करिब ३४ सय करोडका योजनाहरू हामी नेपाल सरकार समक्ष पेश गर्न गइरहेका छौं।

**० वर्षायामको सुरूवातमै वीरगन्ज जलमग्न भयो, पर्सा जिल्लामा मात्र चार/पाँच जनाको ज्यान गइसक्यो। डुबानबाट हुने क्षति न्यनीकरणका लागि पूर्वतयारी थिएन ?**

– हामीसँग विपद् व्यवस्थापन समिति छ। यस्ता समस्याबाट जुध्नका लागि हामीले पूर्णरूपेण तयारी गरेका छौं। जहाँ-जहाँ डुबानको समस्या छ, त्यहाँ नाला खोल्नदेखि लिएर सम्पूर्ण काम हाम्रो चालू छ। सँगसँगै जनतालाई हामीले 'हाई अलर्ट'मा राखेका छौं। सबभन्दा ठूलो समस्या कहाँ आइरहेको छ भने विगत २५ वर्षदेखि सिर्सिया नदीको लेवलसम्म जसरी बालुवा भरेर आएको छ, त्यसमा कसैले काम गरेको थिएन। अब हामी अर्को वर्षको बजेटबाट त्यसलाई खन्ने काम गर्छौं। अर्को समस्या के छ भने सिर्सिया नदीको दुवैतिर अनाधिकृत रूपमा घरटहरा बनेको छ, जसका कारण नदी अतिक्रमित हुँदै यसको चौडाई कम भएको छ। त्यस्ता विषयहरू पनि हामीले गम्भीरताका साथ लिएका छौं। आगामी दुई वर्षभित्र वीरगन्जका ७० प्रतिशत नाला र सडकका काम सम्पन्न भइसक्छ। त्यसपछि तेस्रो योजनाका लागि नेपाल सरकारसँग छिट्टै अनुरोध गर्नेछौं र त्यसको गृहकार्यमा जुटिसकेका छौं।

**० तर, वर्षायामको सुरूवातमै यस्तो अवस्था छ भने अहिले वर्षात्को पूरा सिजन नै बाँकी छ नि ?**

– गत वर्षभन्दा यो वर्ष धेरै कम छ। नदीको लेवल नै माथि आइसकेपछि कसैलाई केही लाग्दैन। किनकि नदीको जुन प्राकृतिक बहाव छ, त्यो माथि आइसकेपछि यस्तो समस्या देखिएको हो। त्यहाँका बालुवा यदि हामी निकाल्न सक्यौं भने पानीको सतह माथि आउँदैन। त्यो विषयमा विशेषज्ञहरूको टोली बोलाउनुपर्छ। संघीय सरकारबाट अनि मात्र हामीले त्यसलाई नियन्त्रण गर्न सक्छौं। विगतमा नियन्त्रणका लागि गरिएका प्रयास अपुग थिए, केही कामै भएन। अब हामीले यी कुराहरू बुझिसकेको हुनाले त्यो कामलाई अगाडि बढाउँदैछौं।

**० भनेपछि, अर्को वर्षदेखि डुबानको समस्या हुँदैन ?**

– यस वर्षको वर्षायामपछि नै तुरून्तै नेपाल सरकारबाट नदी नियन्त्रणका लागि जुन बजेट छुट्याइएको छ त्यसबाट काम अगाडि बढ्छ।

**० स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँमा जान्छ भनिन्थ्यो, यसको अनुभूति कति भएको छ त ?**

– पटकै छैन। हामीलाई कानून पनि बनाएर दिइएको छ तर अधिकार अहिलेसम्म प्रायोजित भएको छैन। थुप्रै कार्यालयहरू नेपाल सरकारले हामीलाई अहिलेसम्म हस्तान्तरण पनि गरेको छैन। कर्मचारीहरू पनि हामीले अहिलेसम्म पाएका छैनौं। त्यसैले सिंहदरबार गाउँ-गाउँमा भन्ने कुरा बोलीमा छ, व्यवहारमा देखिँदैन। अब नेपाल सरकारले हामीलाई कहिले दिन्छ, त्यसपछि मात्रै हामी भन्न सक्छौं।

**० सिंहदरबारका अधिकार गाउँसम्म ल्याउन के पहल गर्दै हुनुहुन्छ ?**

– हामीले महानगरपालिका संघमार्फत् कुरा गरिरहेका छौं। पहिलो कुरा त सरकार गठन भएको धेरै दिन भएको छैन, अहिले मन्त्रीज्यूहरू ब्रिफिङ्ग नै लिइरहनु भएको छ। अब छिट्टै उहाँहरूले कर्मचारी आपूर्ति गरिदिनुपर्‍यो, जुन-जुन कार्यालयहरू हाम्रो जिम्मामा छ, ती विषयगत कार्यालयहरूकासम्पत्ति हामीलाई हस्तान्तरण हुनुपर्छ। अहिले बजेट आएको छ, त्यो पनि पूर्ण छैन। वित्तीय समानीकरणको हिसावले जुन रकम आउनुपर्ने थियो त्यो पनि प्राप्त भएको छैन।

**० वीरगन्ज मुलुककै सबभन्दा ठूलो नाका हो, जहाँबाट सबैभन्दा बढी मालसामान आयात निर्यात हुन्छ। वीरगन्जलाई आर्थिक हबको रूपमा विकास गर्न के हुँदैछ ?**

– प्रदेश र केन्द्र सरकारले वीरगन्जको महत्वलाई बुझ्न सकेको छैन। वीरगन्जको एउटा आफ्नै महत्व छ। पूरा देशलाई नै सेवा दिइरहेको ठाउँ हो वीरगन्ज। जुन किसिमले वीरगन्जमा लगानी हुनुपर्ने हो, त्यो लगानी आजसम्म पनि वीरगन्जले पाउन सकेको छैन। यहाँ जे भएको छ त्यो स्व:स्फूर्तरूपले यहाँका निजी क्षेत्र र नागरिकले लगाएर गरेको हो। नेपाल सरकारको लगानीमा यहाँको ड्राइपोर्ट र आईसीपीमा मात्र हो। स्थानीय रूपमा वीरगन्जको महत्वको हिसावले एउटा महानगर घोषणा गरिसकेपछि यहाँको भौतिक निर्माणका लागि जति रकम नेपाल सरकारले छुट्याउनु पर्दथ्यो त्यस्ता कुनै पनि काम भएको छैन। वास्तवमा वीरगन्जलाई महानगर त घोषणा गरियो तर यसलाई नगरपालिकाको रूपमा व्यवस्थापन गर्न सकिएको छैन। १६ वटा वार्ड अहिले पनि ग्रामीण क्षेत्रमा छन्। ती वार्डहरू एउटा गाविसभन्दा पनि तल्लो स्तरमा गइसकेको अवस्था छ। अब कसरी नेपाल सरकारले यसलाई महानगरपालिका घोषणा गरेको छ, हामी बुझ्न सकेका छौं। हामीले के बुझेका थियौं कि महानगर घोषणा गरिसकेपछि भौतिक पूर्वाधार निर्माणका लागि पर्याप्त बजेट आउने छ। तर, त्यो हिसावले प्रदेश वा केन्द्र सरकारबाट सहयोग पाएका छैनौं।

**० वीरगन्जबाट सरकारले कर उठाउँछ, त्यस हिसावले कति बजेट दिएको छ ?**

– केही दिएको छैन। जसरी सबै नगरपालिका र स्थानीय निकायले पाएको छ, त्यहीं फर्मुलाबाट हामीले पनि पाएका छौं। गत वर्षभन्दा पनि कम बजेट आएको छ।

**० भनेपछि जहाँबाट सबभन्दा बढी आम्दानी हुन्छ, त्यहीं कम बजेट गएको छ ?**

– हो। यसलाई हामीले विभेद भनेका छौं। विगतमा जसरी तराई-मधेशसँग केन्द्रीय सत्ताले विभेद गर्दै आएको थियो त्यसकै निरन्तरताको रूपमा हामीले लिएका छौं। केन्द्रले वीरगन्जलाई महत्व दिन सकेन भने वीरगन्जबाट जसरी देशले सेवा पाउन सक्छ। आगामी दिनमा वीरगन्ज त्यो किसिमको सेवा दिनसक्ने अवस्थामा रहँदैन। यो कुरा प्रदेश र केन्द्र सरकारले बुझ्नै पर्छ। वीरगन्जबाट जसरी पूरा देशले फाइदा लिन्छ र जति कर उठाउँछ त्यसको आधा पनि लगानी लगाइ दिएको भए वीरगन्ज काठमाडौंभन्दा राम्रो हुन्थ्यो। यहाँबाट नेपाल सरकारले जति राजस्व उठाइरहेको छ, त्यसको एक प्रतिशत पनि दियो भने त्यो धेरै ठूलो हुने थियो।

**० वीरगन्जमा उद्योगधन्दाका लागि के कस्ता सम्भावना छन् ?**

– उद्योग धन्दाको हकमा भन्नुपर्दा सबभन्दा बढी वीरगन्जमा नै छ। यो कुरा नेपाल सरकारले पनि बुझेको छ। कलकत्ताको पोर्टदेखि लिएर हरेक कनेक्टिविटी वीरगन्जसँग जोडिएको छ। छिट्टै निजगढमा पनि अन्तर्राष्ट्रिय विमानस्थल ल्याउने कुरा हुँदैछ, फास्ट ट्र्याकका कुराहरू हुँदैछन्। वीरगन्जबाट नेपालका हरेक ठूला शहरको दूरी करिब-करिब समान नै छन्। त्यो कारणले गर्दा वीरगन्जबाट जुन लागत हुन्छ त्यो सबभन्दा कम हुन्छ। यसले गर्दा वीरगन्जको महत्वलाई ध्यान दिइयो भने भोलीका दिनमा देशभरिका जनतालाई हरेक सेवा सुविधाहरू सजिलो दिन सकिन्छ।

**० तपाईंहरूले निर्वाचनका बेला जुन आश्वासन र वाचा गर्नुभएको थियो, त्यस हिसावले जनताले कति पाउन सकेका छन् त ?**

– अहिले हामीले यो भन्न सक्दैनौं कि जति भनेका थियौं ती सबै पूरा नै गर्छौं तर ती कुराहरू पूरा गर्नका लागि जति नियम कानूनहरू बनाउनुपर्ने थियो त्यो बनाइसकेका छौं। केही काम सुरू पनि भइसकेको छ। शिक्षामा छोरीसँग जुन विभेद हुन्थ्यो त्यो सन्दर्भमा सबै सरकारी विद्यालयमा अंग्रेजी माध्यम अनिवार्य गर्नुपर्छ भनेर हामीले लागू गऱ्यौं। विद्यालयलाई बालमैत्री घोषणा गर्नका लागि हामीले सम्पूर्ण तयारीका साथ लागेका छौं। वीरगन्जका जम्मा नौ वटा वार्ड ओडिएफ (खुला दिशामुक्त क्षेत्र) घोषणा गर्न बाँकी छ, केही दिनभित्रै महानगरपालिका नै खुला दिशामुक्त घोषणा हुन्छ। त्यस्तै, साक्षर वीरगन्ज बनाउन अभियानमा लागेका छौं। अर्को वर्ष वीरगन्जलाई पूर्ण साक्षर घोषणा गर्छौं। यस हिसाबले सामाजिक कामलाई हामीले द्रूतगतिमा अगाडि बढाएका छौं। छिट्टै यहाँ ५२ किलोमिटरको पक्की सडक पनि बन्दैछ। सँगसँगै एडिबीको दोस्रो परियोजना सुरू भएको छ, त्यसबाट वीरगन्जका ७० प्रतिशत नाला र सडकका काम पूर्णरूपमा हामी अगाडि बढाउन सक्छौं।

**० युवाहरूका लागि वीरगन्जमा रोजगारका सम्भावनाहरू के कस्ता छन् ?**

– हामीले स्वदेशमै युवालाई कसरी स्वरोजगार बनाउने त्यसमा लागेका छौं। जस्तै, पशुपालनदेखि लिएर एउटा-एउटा व्यापारको योजना ल्याएर युवालाई आकर्षित गर्न खोजिरहेका छौं। जो महिला घरमा खाली बसिरहेकी छिन, उनीहरूका लागि घरमै बसेर पाँच/छ घन्टाको रोजगारको व्यवस्थापन मिलाउँदैछौं। त्यसका लागि लघुउद्यमको एउटा छुट्टै कोष बनाएर केही कार्यक्रम ल्याउँदैछौं त्यसका लागि तालिम सुरू गर्दैछौं। तालिम लिइसकेपछि महिलाहरू घर बसेर नै आयआर्जन गर्न सक्ने माहौलको निर्माण हुनेछ।

**० वीरगन्ज भारतसँग खुला सिमानामा परेको छ र त्यहाँबाट सबभन्दा बढी मालसामान आयात निर्यात हुने गर्छ, त्यो हिसावले वीरगन्जलाई आर्थिक हब बनाउन छिमेकी भारतसँग के कस्तो सहकार्य हुँदैछ ?**

– अहिलेसम्म हामी केही गर्न सकेका छैनौं। छिट्टै हामी भगिनी सम्बन्ध कायम गर्नका लागि भारतका केही मेट्रो सिटीहरूसँग कुराकानी सुरू गर्दैछौं। यसका लागि हामीले सद्भावना दूतको रूपमा वरिष्ठ उद्योगपति तथा समाजसेवी अशोक वैद्यजीलाई नियुक्त पनि गरिसकेका छौं र छिट्टै यी काम अगाडि बढ्छ। सीमासँग जति हामीसँग जोडिएका ठूला र साना शहरहरू छन् तिनीहरूसँग सहकार्य गर्ने नीति लिएका छौं।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

दस्तावेज

# समृद्धिको सपना : सम्पन्न प्रदेश २ को चाहना

**प्रदेश नम्बर २ दूरदृष्टि (भिजन) २०३० सम्मेलन**
**जनकपुर घोषणापत्र**

हामी, पूर्वप्रधानमन्त्री, संघीय सरकारका मन्त्री, प्रदेशका मुख्यमन्त्री एवं मन्त्री, संघ, प्रदेश र स्थानीय तहका सांसद तथा जनप्रतिनिधि, उद्योगपति, व्यवसायी, योजनाविद्, बुद्धिजीबी, समाजसेवी, सञ्चारकर्मी तथा राष्ट्रसेवकहरू सबैले असार १७-१८, २०७४ तदनुसार जुलाई १-२, २०१८, आइतबार र सोमबारका दिन प्रदेश नम्बर २ को अस्थायी राजधानी जनकपुरधाममा समृद्धिको सपना : सम्पन्न प्रदेश नम्बर २ को चाहना विषयमा सम्पन्न प्रदेश नम्बर २ दूरदृष्टि (भिजन) २०३० सम्मेलनमा भाग लियौं ।




लोकतान्त्रिक मूल्य र मान्यतालाई आधारभूत रूपमा प्रतिनिधित्व गर्ने विषयबाहेक अन्य सम्पूर्ण पक्षहरू संशोधन गर्ने र पमार्जन गर्ने हक जनतालाई प्रदान गरेर संविधानले आफ्नो जीवनरस ग्रहण गर्ने जरो नेपाली जनताका बीचमा गाडेको छ भन्ने तथ्यलाई हृदयङ्गम गर्दै,

छोटो अवधिको प्रादेशिक अभ्यासको हाम्रो अनुभवका आधारमा सार्थक संघीयताका पक्षमा देखिएका कमी, कमजोरी र अस्पष्टतालाई सदासयपूर्ण र गम्भीर रूपले सूचिबद्ध गर्दै संविधान संशोधन गर्नुपर्ने मान्यतालाई अगाडि सार्दै,

संघीय शासन प्रणालीमा संघ र प्रदेशबीच आपसी समझदारी, समन्वय र सहकार्यबाट नै सही अर्थमा संघीयता कार्यान्वयन हुने र विकास र समृद्धिको जनआकांक्षा पूरा हुने तथ्यलाई हृदयङ्गम गर्दै,

प्रदेश नम्बर २ केन्द्रित सामाजिक-आर्थिक एवम् पूर्वाधार विकास तथा कृषि, प्राकृतिक स्रोत र वातावरण व्यवस्थापन सम्बन्धी तथ्यांक, सूचना र ज्ञानको स्थिति एवम् समृद्ध प्रदेश बनाउने अभियानमा देखिएका चुनौति र अवसरहरूबारे जानकारी अध्यावधिक गर्दै,

चुरे क्षेत्रको संरक्षण र दिगो विकासमा यस प्रदेशको सामाजिक-आर्थिक एवम् पूर्वाधार विकास तथा कृषि, उद्योग, वातावरण र प्राकृतिक स्रोतको व्यवस्थापन निर्भर रहेको तथ्यलाई स्वीकार गर्दै,

सामाजिक-आर्थिक एवम् पूर्वाधार विकास तथा कृषि, उद्योग, पर्यावरण र प्राकृतिक स्रोतको व्यवस्थापनका लागि सहभागितात्मक, सहयोगात्मक, सहकार्य एवम् साझा तर क्षमता अनुसारको जिम्मेवारी बमोजिम पहिचान भएका चुनौतिलाई अवसरमा परिणत गर्न सकिने तथ्यलाई महसुस गर्दै,

यस प्रदेशका न्यून आयस्तर भएका जनताको जीवनस्तर उकास्दै सम्पूर्ण नागरिकले आर्थिक समृद्धि हासिल भएको महसुस गर्नका लागि सार्वजनिक-निजी-प्राज्ञिक-गैरसरकारी संघसंस्थाबीच प्रभावकारी सहभागिता र समन्वय सुदृढ गर्नुपर्ने आवश्यकताको मनन् गर्दै,

यस प्रदेशको आर्थिक-सामाजिक रूपान्तरणको क्रममा जनचेतना अभिवृद्धि, यथार्थताको वस्तुपरक विश्लेषण, उपयुक्त तथा स्थानीय भूगोल, रहन-सहन एवम् जीवनशैलीसँग मेलखाने समस्या समाधानका उपायहरूको चयन एवम् प्रभावकारी कार्यान्वयन, कार्य क्षमतामा अभिवृद्धि, कार्यशैलीमा परिवर्तन तथा उपयुक्त प्रविधिको प्रयोग आवश्यक भएको तथ्यलाई स्वीकार गर्दै,

दिगो विकासको लक्ष्य, विपद्को जोखिम न्यूनीकरण, सहर सम्बन्धी नयाँ एजेण्डा, जलवायु परिवर्तन, हरित वृद्धि, नवीकरणीय ऊर्जाको उपयोग तथा वातावरण संरक्षण सम्बन्धी विश्वव्यापी तथा क्षेत्रीय प्रयास र अभ्यासको अनुशरणबाट प्रदेश नम्बर २ को आर्थिक-सामाजिक रूपान्तरणमार्फत् समृद्धि प्राप्तिमा थप योगदान पुऱ्याउने प्रण गर्दै,

प्रदेश नम्बर २ ले हालै अंगीकार गरेको "बेटी पढाऊ, बेटी बचाऊ" एवम् "स्वच्छ हराभरा, सफा सुग्घर प्रदेश" लगायतका अन्य अभियान, नीति तथा कार्यक्रमलाई आत्मसात गर्दै, दूरदृष्टि सम्मेलनको उद्घाटनका समयमा पूर्व प्रधानमन्त्री माननीय माधव कुमार नेपालज्यू, माननीय संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितज्यू एवम् प्रदेश नम्बर २ का माननीय मुख्यमन्त्री लालबाबु राउतज्यू लगायत विशिष्ट व्यक्तित्वबाट भएको सम्बोधनहरू एवम् सम्मेलनका सहभागीहरूले उठाउनु भएको सवाल, विज्ञहरूले उजागर गर्नु भएका विषयवस्तु तथा आधारभूत आवश्यकताहरूमा सम्पूर्ण जनताको पहुँच हुनुपर्ने तथ्यहरूलाई समेत मनन् गर्दै,

आर्थिक समृद्धि प्राप्त गर्ने तर्क प्रदेश नम्बर २ को चाहना र आकांक्षाको उच्च मूल्यांकन गर्दै तथा यो सम्मेलनको आयोजना सफल एवम् प्रभावकारी बनाउने कार्यमा संलग्न राजनीतिज्ञ, जनप्रतिनिधि, राष्ट्रसेवक एवम् अन्य महानुभावहरूको उच्च प्रशंसा गर्दै,

हामी, यस सम्मेलनमा भाग लिइरहेका सम्पूर्ण सहभागीहरूले प्रदेश नम्बर २ को सर्वाङ्गीण विकास र समृद्धिका लागि यस जनकपुर घोषणा-पत्र जारी गरेका छौं ।

१. 'सुखी नेपाली र समृद्ध नेपाल' भन्ने सङ्घीय सरकारको घोषणालाई मध्यनजर राख्दै प्रदेश नम्बर २ को सामाजिक-आर्थिक रूपान्तरणको लागि वातावरण मैत्री एवम् रोजगारीमूलक कृषि र उद्योगको विकास एवम् चुरे संरक्षणमा विशेष जोड दिदै यो प्रदेशलाई एक प्रमुख औद्योगिक, व्यापारिक, पर्यटन तथा शैक्षिक केन्द्रको रूपमा विकास गर्ने ।

२. यस प्रदेशको सर्वाङ्गीण विकासमा प्रमुख क्षेत्रको रूपमा रहेका कृषि, उद्योग र पर्यटन विकासका लागि मानव संसाधन, पर्यावरण संरक्षण, पर्यटन, पूर्वाधार, उपयुक्त प्रविधि र नविकरणीय ऊर्जाको विकास र उपयोगमा जोड दिई रोजगारीका अवसरको सृजना गर्दै वैदेशिक रोजगारीको पर निर्भरता कम गर्ने ।

३. यस प्रदेशको विकास र जनताको समृद्धिका लागि सम्भाव्यताको आधारमा कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण एवम् व्यवसायीकरण गरी आम जनताको खाद्य सुरक्षा सुनिश्चित गर्नुका साथै आय आर्जनमा अभिवृद्धि गर्नका लागि महिला किसान मैत्री कृषि कार्यक्रम समेतमा जोड दिने गरी एक रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।

४. निजी क्षेत्रको सक्रियतामा समेत कृषि, वन तथा खनिव पैदावारमा आधारित रोजगारमूलक साना तथा मझौला उद्योगहरूको स्थापना गर्ने, वित्त प्रविधि र मानव संसाधनको दृष्टिले बन्द उद्योग सञ्चालनमा ल्याउने, रूग्ण उद्योगलाई सुदृढ बनाउने र विद्यमान उद्योग उत्पादन क्षमता क्रमशः विस्तार गर्दै आर्थिक समृद्धि ल्याउन पहल गर्ने ।

५. आन्तरिक र बाह्य पर्यटकलाई आकर्षण गर्न यस प्रदेशका ऐतिहासिक र सांस्कृतिक धरोहर तथा धार्मिक स्थलहरूको संरक्षण, सम्बर्द्धन र विकासमा सार्वजनिक-निजी साझेदारीमा पर्यावरण-मैत्री पर्यटन प्रवर्द्धन गर्ने ।

६. कृषि लगायत सामाजिक-आर्थिक विकासमा अन्य क्षेत्रमा आवश्यक वित्त प्रवाह तथा सेवा प्रदान गर्नका लागि सहकारीको अवधारणा अवलम्बन गर्ने ।

७.नेपालको संविधानमा उल्लेखित मौलिक अधिकारसंग सम्बन्धित जनस्वास्थ्य, सफा र स्वच्छ खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन, पर्यावरण संरक्षण, नविकरणीय ऊर्जा जस्ता आधारभूत सेवामा सबैको सधै पहुँच पुऱ्याउन आ-आफनो क्षेत्रबाट बहुसरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित हुने खालका बहुपक्षीय कार्यक्रमहरू सञ्चालन गर्ने ।

८.आर्थिक उन्नति, समृद्धि, सामाजिक सुधार लगायतका विकासका आयामहरूमा सुशासनको सुनिश्चितता गर्दै जनमुखि, उत्तरदायी तथा स्वःस्फूर्त एवम् प्रभावकारी सेवा प्रदान गर्ने प्रणालीको विकास तथा सुदृढ गर्ने ।

९. निश्चित समयावधि भित्र कार्यान्वयन एवम् अनुगमन भएका विकासका क्रियाकलापहरूबाट प्राप्त अनुभव र असल अभ्यासलाई मनन् गर्दै सामाजिक-आर्थिक रूपान्तरणका लागि प्राप्त आर्थिक तथा प्राविधिक सहयोग के कति उपलब्ध भयो, के कसरी उपयोग भयो र ती सहयोगबाट प्राप्त उपलब्धी प्रभावकारी भयो भएन सो सम्बन्धी जानकारीका लागि संयन्त्रको विकास गरी नियमित रूपमा सार्वजनिकीकरण गर्ने ।

१०. यस सम्मेलनबाट प्राप्त राय सुझावको आधारमा एक दूरदृष्टिको व्यावहारिक, प्रयोगकर्ता मैत्री एवम् कार्यान्वयन गर्न सकिने दस्तावेज (डकुमेन्ट) तयार गरी सबैले आआफ्नो क्षेत्रबाट अपनत्व ग्रहण गर्दै कार्यान्वयन गर्ने ।

प्रदेश नम्बर २ दूर दृष्टि (भिजन) २०३० सम्मेलनका सम्पूर्ण सहभागीहरूबाट जारी भएको यो जनकपुर घोषणा पत्रलाई अनुमोदन गर्न पाउँदा मलाई खशी लागेको छ र यसको प्रभावकारी कार्यान्वयनमा आआफ्नो क्षेत्रबाट सहयोग र सहभागिता जनाउन विभिन्न तहका सरकार, निजी क्षेत्र, संघ संस्था एवम् सम्पूर्ण नागरिकलाई आह्वान गर्दछु ।

**लालबाबु राउत**
**मुख्यमन्त्री**
**प्रदेश नम्बर २**
**२०७५ असार १८ गते**

# थरूहट/थारूवान संयुक्त संघर्ष समितिको घोषणापत्र

(१) मुलुकको वर्तमान राजनीतिक अवस्था अत्यन्तै तरल एवम सम्बेदनशील छ । हामी तराईका मूल आदिवासी थारूहरू हाल सम्म प्राप्त उपलब्धिहरू बहुदलियता, संघियता ,गणतन्त्र, धर्भनिर्पेक्षता, थारू सघन्ता ( ऋगिकतभचठ, थारू आयोग र समानुपातिक प्रतिनिधित्व लगायतका उपलब्धीहरूलाई संस्थागत एवं कार्यान्वयन गराउदै आन्तरिक उपनिवेशीकरण, विभेद, दासत्व र असामन्ता बिरूद्ध थारू कल्याणकारिणी सभाको संयोजकत्वमा गठित थरूहट/थारूवान संयुक्त संघर्ष समितिको विगत ३४ महिना देखि शान्तिपूर्ण रूपमा आफनो पहिचान, समानुपातिक प्रतिनिधित्व र थरूहट स्वायतप्रदेशको संबैधानिक सुनिश्चितताको लागि निरन्तर आन्दोलनरत रहेको सर्वविदितै छ । संविधान सभाको नियम विपरित ह्वीप जारी गरी २०७२ असोज ३ गते घोषणा गरिएको अधुरो अपुरो र विभेदकारी संविधानले विगत २५० वर्ष देखि बहिष्करणमा पारिएको हामी आदिवासी थारूहरूको पहिचान, पहुच, प्रतिनिधित्व, अधिकार, समानता लगायत थरूहट थारूवानको १३ बुँदे मांग सम्बोधन नगरेको सर्वविदितै छ । केन्द्रीकृत शासन व्यवस्था अन्त्य गर्न संघीयताको सिमांकन गर्दा लाखौं भूमी पुत्र आदिवासी थारूहरूको सघन्ता (Cluster) लाई छिन्न भिन्न पारी पूर्व मेची देखी पश्चिम महाकालीसम्म भूमी पुत्र आदिवासी थारूहरूको जनसंख्या, सामाजिक, सांस्कृतिक, आर्थिक एकरूपता र सघनतालाई संविधान सभाले सिमाँकन गरेको ७ प्रदेशले हामीलाई विभाजित, खण्डित र कम्जोर बनाई समाप्त पार्ने गुरूयोजना बनाएकोमा हाम्रो असहमती रहेकोछ । नेपाल सरकार र ने.क.पा. प्रमुख प्रतिपक्ष राजनीतिक दल नेपाली काँग्रेस र रा.ज.पा.ले हाम्रो माँग प्रति कुनै किसिमको गम्भीरता, सम्बेदनशीलता र जवाफदेहीता नदेखाएको समेत स्पष्ट नै छ ।

(२) शान्तिपुर्ण थरूहट आन्दोलनको कममा २०७२ भाद्र ७ गते भएको रहस्मय टिकापुर घटना नितान्त राजनैतीक घटना भएकोले राजनैतीक सहमतीबाटैसामाधान गरि थरूहट/थारूवान संयुक्त संघर्ष समितिका संयोजक धनिराम चौधरी लगायत थारू नेता, कार्यकर्ताहरू माथि लगाइएको झुठा मुद्धा अविलम्ब फिर्ता, बन्दीहरूको अबिलम्ब रिहाई विस्थापीतलाई पुनः स्थापना गर्न र आन्दोलनको कममा प्रहरी प्रशासनको आडमा टिकापुर लगायत विभिन्न ठाउँमा थारूहरूको घर, एफ.एम तथा रिसोर्टमा भएको लुटपाट, आगजनी, तोडफोड, दुरव्यवहार धनजनको क्षतीको सत्यतथ्य जाँचबुझ गर्न गठन गरेको देवीराम शर्मा, सर्वोच्च अदालतको पुर्व न्यायाधिश गिरीशचन्द्रलाल दास, संसदीय समिति लगायतका प्रतिवेदन अबिलम्ब सार्वजनिक गर्न जोडदार माँग गर्दछौं ।

(३) हामी आदिवासी थारू लगायत आन्दोलनरत असन्तुष्ट पक्षहरूसंग अविलम्ब छलफल, सम्बाद र सहमती गरि प्रादेशिक सिमाँकन संशोधन लगायत हामी आदिवासी थारू लगायत मधेशी, आदिवासी जनजाति, मुस्लीम, दलित पिछडावर्ग एवम्सिमान्तकृत वर्गको माँगहरू सम्बोधन गर्न संविधान संशोधन अविलम्ब गरियोस ।

(४) आदिवासी थारू, थरूहट थारूवानको माँग मुद्धाहरू प्राप्त गर्न नेपाल आदिवासी जनजाति महासंघ, थारू सांसद, आदिवासी जानजाति सांसद, पहिचान बादी राजनैतीक दल, कुटनीतिक नियोग,राष्ट्रिय तथा अन्तराष्ट्रिय मानव अधिकार आयोग लगायत अन्य शान्तिपुर्ण आन्दोलनकारीहरूसंग छलफल र सम्बाद जारि राख्ने ।

(५) थरूहट थारूवान सयुक्त संघर्ष समितिले सरकारसंग वार्ताको कममा राखेको ७ बुदे पूर्व शर्त र १३ बुँदेमाग सम्बोधन गर्न सरकारसंग जोडदार माग गर्दछ ।

(६) जारी थरूहट/थारूवान संयुक्त संघर्ष समितिको आन्दोलनलाई थप उच्चाई निष्कर्षमा पुर्याउन समितिको अचार संहिता, कार्यबिधि, नीति निर्णय र निर्देशन अनुसार हाम्रो माँग पुरा नहुन्जेलसम्म एकताबध भई शान्तीपुर्ण आन्दोलनलाई सफल पा र्न प्रतिबद्धता गर्दछौ ।

(७) थारू कल्याणकारिणी सभाको २२ औं आसन्न महाधिवेशन भव्य र सभ्य तरिकाले सफल पार्न थरूहट/थारूवान संयुक्त संघर्ष समितिको जारि शान्तीपूर्ण आन्दोलनलाई यथावत राख्दै दवाव स्वरूप जिल्ला जिल्ला, नगर नगर, गाउँ गाउँ, टोल टोल, घर घर,जन जनमा प्रचारात्मक अभियान जारी राख्ने ।

(८) नेपाल सरकारको बजेट तथा नीति कार्यक्रममा थारू समुदायको लागि कुनै पनि शिर्षकमा बजेट नछुटयाएकोले बजेट व्यवस्थापन गरियोस साथै थरूहट आन्दोलनको कममा शहादत प्राप्त गर्ने शहिद परिवारहरू विगतको सम्झौता सहमती अनुसार शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था गरियोस साथै जनआन्दोलन १, २ र मधेश आन्दोलनमा शहादत प्राप्त गरेका शहिद सरह थरूहट आन्दोलनमा शहादत प्राप्त गरेका शहिद परिवारलाई सुविधा उपलब्ध गराइयोस ।

(९) नेपाल सरकारद्धारा संविधान र कानुन विपरीत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूको नियन्त्रण अनुगमन नियमन गर्ने नाममा आतंकीत पार्ने निर्णयमा हाम्रो ध्यानाकर्षण भएकोछ साथै हालै मात्र गृह मन्त्रालयको निर्णय अनुसार सिंहदरवार वरिपरि, माइतिघर मण्डला, सुन्धारा र नयाँ बानेश्वर क्षेत्रलाई शान्तिपुर्ण धारणा जुलुस गर्न निषेध गरिएकोले सो निर्णय अविलम्ब फिर्ता लियोस ।

(१०) संविधानको मर्म भवना र प्रवधान विपरीत उपेक्षित, बहिष्कृत आदिवासी थारू लगायत जनसमुदायहरूको हक अधिकार पहिचान र हाम्रा माँग मुद्धा तथा रहस्मय टिकापुर घटना र आन्दोलनलाई नेपाल सरकारको नीति तथा कार्यकममा सम्बोधन नगरेकोले ध्यानाकर्षण भएको छ ।

कार्यक्रम

१. मिति २०७५ साल श्रावण १५ गते सम्माननीय प्रधानमन्त्री, सम्माननीय सभामुख, माननीय मुख्यमन्त्रीलाई प्रत्येक जिल्लाले जिल्ला प्रशासन मार्फत हाम्रा माँग मुद्धाको बारेमा ज्ञापन पत्र बझाउने ।

२. था.क.स.को आसन्न महाधिवेशनलाई जारी थरूहट थारूवान आन्दोलनको रूपमा मनाउने र समन्वय गर्ने ।

*(केन्द्रीय आन्दोलन परिचालन समितिको मिति २०७५ अषाढ १५ गते बसेको राष्ट्रिय भेलाबाट पारित निष्कर्ष तथा घोषणा-पत्र)*

## मधेश अपडेट

### मिथिला आर्ट प्रतियोगितामा प्रियंका प्रथम

जनकपुरधाम । जनकपुरधाममा एसोसिएसन अफ नेपाली तराइयन इन अमेरिका (एन्टा) द्वारा आयोजित :ष्तजर्षबि ब्चत भहउयकष्तष्यल बलम ऋफउभतष्तष्यल मा प्रथम प्रियंका सुमन, द्वितीय रंजू यादव र तृतीय चन्दा साह घोषित भएकी छन् । जनकपुरधामको सिताशरण होटलमा भएको कार्यक्रममा प्रमुख अतिथि प्रदेश २ का मुख्यमन्त्री मो.लालबबू राउत गद्दीले विजेता तीनै जनालाई नगद क्रमशः ३५ हजार (प्रथम) २० हजार (द्वितीय) र १५ हजार (तृतीय)) नगद तथा प्रमाणपत्र वितरण गरेका छन् । त्यसैगरी, सहभागी २९ जना कलाकारहरूमध्ये सुनैना ठाकुर, कोमल पूर्वे, निर्मला झा, आंचल कर्ण र रेवती मंडल लगायत पांच जनालाई सान्त्वना नगद पाँच पाँच हजार र प्रमाणपत्र प्रदान गरिएको छ । समापन कार्यक्रममा अन्तर्राष्ट्रिय मिथिला पेंटिंगका कलाकार मंजुला ठाकुर, एसोसियेसन अफ नेपाली तराईयन इन अमेरिकाका प्रवक्ता अपराजिता मिश्र, प्रदेश २ का प्रदेशसभा सदस्य सिंहासन साह लगायतका वक्ताहरूले धारणा व्यक्त गरेका थिए । कार्यक्रममा सम्बोधन गर्दै मुख्यमन्त्री राउतले मिथिला कला संस्कृति संबृद्ध रहेको भन्दै त्यसको संरक्षण प्रदेश सरकारले काम अगाडि बढाइसकेको स्पष्ट पारेका छन् । कार्यक्रममा कलाकारहरूद्वारा तैयार गरेको पेंटिंग आयोजकले आफूसँगै अमेरिका लिएर जाने र बिक्री गर्ने उद्घोषण गरेकी छन् । मिश्रका अनुसार त्यो विक्री भएको पेंटिंग्सबाट प्राप्त रकम पुनः सोही कलाकारलाई फिर्ता फिर्ता दिइनेछ ।

### "राइस मिलको जग्गा अधिग्रहण गरेरै छाड्छौं"

रौतहट । गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ता ऐतिहासिक धरोहरको रूपमा रहेको गौर राइस मिलको जग्गा अधिग्रहण प्रक्रियामा अवरोध पुर्याउने उद्देश्यले विभिन्न किसिमका षड्यन्त्र भैरहेको बताएका छन् । नगरपालिका कार्यालयको सभाहलमा शुक्रबार पत्रकार सम्मेलन आयोजना गरी मेयर गुप्ता अधिग्रहण प्रक्रिया अन्तिम चरणमा पुगिसकेको देखेर बदनीयतपूर्वक राजनितिक चरित्र हत्या गर्न एवं राइस मिलको जग्गा अधिग्रहण नहोस् भन्ने उद्देश्यले विजय यादव भन्ने व्यक्तिले निराधार गलत प्रचारबाजी गरेको दावी गरेका हुन् । विजय यादव को हुन भन्ने जानकारी समेत नभएकोले मिलको जग्गा बिक्रीमा सहयोग गरे वापत रूपैयाँ लिएको कुरो झूठो असत्य भएको खण्डन गर्दै यस विषयमा भएको बैठकमा मेरो उपस्थिति मात्र देखाउन चुनौती दिएका छन् । धनुषाको महेन्द्रनगर निवासी विजय यादव राइस मिलको जग्गा खरीद गर्ने भू-माफिया समूहका सदस्य रहेको चर्चा छ । उनले गरूडामा बिहीवार पत्रकार सम्मेलन गरी केही राजनीतिक दल, नागरिक समाज, संचारकर्मीहरूलाई रकम दिएको आरोप लगाएका थिए ।

### "देशलाई अधिनायकवादतिर लैजान खोजियो"

चन्द्रकान्त खनाल, रूपन्देही । सरकारले दुई तिहाई बहूमतको अहंकार देखाएर देशलाई अधिनायकवादतिर लैजान खोजेको राप्रपा प्रजातान्त्रिकका अध्यक्ष पशुपति शम्शेर जवराले आरोप लागाएका छन् । विकास र समृद्धिको नारा दिएर जनतालाई सरकारले झुक्काएर देशलाई अधिनायकवाद तिर लैजाने खोजेको बताउँदै सविधान संसोधन गरी कार्यकारी राष्ट्रपति शासन लागू गर्ने अभिब्यक्तीले देशलाई अधिनायकवाद तर्फ ढकलेको दाबी गरे । रिपोर्टस क्लब रूपन्देही जिल्ला शाखाले बुटवलमा आयोजना गरेको साक्षात्कारमा बोल्दै जवराले सम्पत्ति सुद्धिकरण आयोग राजस्व अनुसन्धान आयोग र राष्ट्रिय अनुसन्धान आयोग प्रधानमन्त्री कार्यालयमै राख्ने अधिकारले नै देशलाई अधिनायकवादमा ढकेलेको भनाई छ । सैद्धान्तिक मान्यताका आधारमा प्रजातन्त्रको रक्षाको लागि पार्टी उभिएको अध्यक्ष जवराले बताउँदै वर्तमान सरकारले मिडिया म्यानेजमेन्ट संचालन गरी जनतामा भ्रमपूर्ण विश्वास छराएको दाबी गरे ।

### कैलालीका दर्जनौं बस्ती डुबानमा

कैलाली । कैलालीका दर्जनौं बस्ती अविरल वर्षाका कारण डुबानमा परेका छन् । स्थानीय प्रशासनले उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । अबिरल वर्षाले कैलालीको भजनी नगरपालिका क्षेत्रका करीब सयौं घर डुबानमा परेका छन् । भजनी नगरपालिकाको वडा नम्बर ३ को पकरियापुर, वडा नम्बर ५ को लौबास्ता, कुटीपुर, लालबोझी, वडा नम्बर ७ को सिराधानी बस्ती, गणेशमान मुक्तकमैया वस्ती, वडा नम्बर ८ को काँडाढिक र वडा नम्बर ९ को खुरखुरिया र ओखरपुर वस्ती डुबानमा परेको हो । बाढी र पहिरो प्रभावित क्षेत्रमा आवश्यक जनशक्तिसहित सुरक्षा निकाय तथा उद्दार टोली, राहात वितरण टोली, सम्बन्धित सरोकारवाला निकाय लगायतलाई तयारी अवस्थामा रहन जिल्ला प्रकोप उद्दार समिति कैलालीले निर्देशन दिएको छ । जिल्लाको मोहना, कर्णाली, घुराहा, कन्द्रा, कटैनी, पथरिया, शिवगंगा, मनहरालगायत १६ वटा नदीमा बाढीको पूर्व सूचना प्रणाली तथा वर्षा मापण केन्द्र एंव नदीको चेतावनी एंव खतरा तह मापणको लागि जनशक्ति तयारी अवस्थामा राखिएको छ ।

### विराटनगर महानगरको कर बढ्यो

विराटनगर । विराटनगर महानगरपालिकाले आउँदो आर्थिक वर्षदेखि लागू हुने गरी आर्थिक ऐन २०७५ ल्याएर कर वृद्धि गरेको छ । महानगरले सेवा शुल्कअन्तर्गत नागरिकता सिफारिसमा ५ रूपैयाँबाट ५०, वैवाहिक अंगिकृत नागरिकता सिफारिसमा १ सय ५० रूपैयाँबाट ५ हजार, व्यक्तिगत घटना दर्ता तथा संशोधनमा लिँदै आएको १ सयलाई वृद्धि गरेर ५ सय पुऱ्याएको छ । महानगरले सूचनालगायत कागजात उपलब्ध गराउँदा प्रतिपेज १० रूपैयाँबाट २० रूपैयाँ पुर्ऱ्याएको छरू। यस्तै, सम्बन्ध विच्छेदको सिफारिसमा ५ सय ५ रूपैयाँबाट २ हजार, अंशबण्डा सिफारिसमा ५ सय ५ बाट १ हजार, हकवाला संरक्षण संबन्धि सिफारिसमा १ सयबाट ५ सय, नेपालीलाई पेन्सन कार्ड सिफारिसमा २ सयबाट ५ सय, विदेशीलाई पेन्सन कार्ड सिफारिसमा ५ सयबाट २ हजार वृद्धि गरेको ऐनमा उल्लेख छ । नगर वा वडास्तरीय गैरसरकारी संघसंस्था दर्ता शुल्कमा ५ सय ५ बाट २ हजार, जिल्लास्तरीलाई ३ हजार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था दर्ता शुल्क १ हजारबाट वृद्धि गरेर १० हजार पुऱ्याएको छ ।

### प्रदेश ७ को बजेट पारित

धनगढी । प्रदेश ७ को प्रदेशसभाको आगामी आर्थिक २०७५/०७६को बजेट तथा उक्त बजेटसँग सम्बन्धित प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७५ पारित गरेको छ । बैठकले आव २०७५/०७६ को सेवा र कार्यको लागि प्रदेश संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ समेत पारित गरेको छ । सभामुख अर्जुनबहादुर थापाले ती विधेयक निर्णयार्थ पेश गर्दा बैठकले पारित गरेको हो । यसअघि प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री झपटबहादुर बोहराले उक्त प्रस्तावलाई पारित गरियोस् भन्ने प्रस्ताव बैठकमा पेश गर्नु भएको थियो ।

### खेतीयोग्य जमीन तालमा परिणत

कपिलवस्तु । वर्षासँगै मायादेवी गाउँपालिका वडा नं. ८ बिजुवाको जमुनी, हरिवंशापुर, बिजुवा र बरकुलगाउँको खेतीयोग्य जमीन जलमग्न भएको छ । आइतबारबाट अविरल रूपमा बर्षा सुरू भएपछि मायादेवी गाउँपालिकाका अधिकांश भागहरू, खेतीयोग्य जमीन जलमग्न भएका छन् । मायादेवी गाउँपालिकाको वडा नं. ८ को करिब ७ सय विघा धान रोप्ने खेत जलमग्न हुँदा किसानहरू चिन्तित बनेका छन् । बिजुवाको जमुनी, हरिवंशापुर, बिजुवा र बरकुलगाउँको बीचमा रहेको धानखेती ठाउँ जलमग्न भएपछि रोपाई भएको करिब ३ सय विघा धान खेती बाढीले बगाएको छ । जलमग्न भएको ठाँउमा सिसई नदीको तटबन्धहरू जीर्ण भएको कारणले यास्तो विकराल खेतीयोग्य जमिन जलमग्न भएको स्थानीयहरूले बताएका छन् । बिजुवा दक्षिण भारतको सिमानामा पर्ने सिसवा र मझौली सागरमा भारत सरकारले सिचाईको लागि फाटक लगाई पानी थुनिएकोले यास्तो समस्या आएको छ ।

### संसदीय समितिको पहिलो बैठक बस्यो

विराटनगर । प्रदेशसभाले गठन गरेका सात समितिमध्ये न्याय, प्रशासन तथा विधायन समितिको बैठक बुधबार पहिलोपटक बसेको छ । प्रदेशसभा सञ्चालन नियमावलीअनुसार यो प्रदेशमा ७ वटा संसदीय समिति गठन भएका थिए । बुधबार बसेको विधायन समितिको बैठकको अध्यक्षता ज्येष्ठ सदस्य ७३ वर्षीय चन्द्रप्रसाद श्रेष्ठले गरे । समितिको अर्को बैठक शुक्रबार बस्ने छ । विधायन समितिमा राजीव कोइराला, चन्द्रप्रसाद श्रेष्ठ, रामकुमार ओझा, ज्ञानेश्वर राजवंशी, सावित्री जोशी, विमल कार्की, वसन्तीदेवी यादव, लीलाबल्लभ अधिकारी, इन्द्रमणि पराजुली, खिनुलंगवा लिम्बू, चुमनारायण तवदार, शान्त पौडेल, टंकबहादुर आङबुहाङ, सौभाग्यवती राई, जयराम यादव, इन्दिरा राई र विष्णु तुम्बाहाम्फे सदस्य छन् ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# टीकापुर घटना राज्यले गराएको हो



**रूक्मिनी चौधरी**

**अध्यक्ष, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरूहट)**

**० तपाईंहरू अहिले के गर्दै हुनुहुन्छ ?**

– हामीले थालेको आन्दोलनका शान्तिपूर्ण कार्यक्रमहरू जारी नै छ । गत असार १३ गते थारू कल्याणकारिणी सभाको केन्द्रीय कार्यसमितिको बैठक सम्पन्न भयो । यही १५ गते थरूहट/थारूवान संयुक्त संघर्ष समितिको राष्ट्रिय भेलाबाट घोषणापत्रसमेत जारी गरिसकेका छौं ।

**० तपाईंहरूको आन्दोलन केका लागि छन् ?**

– अहिले थारूहरूको माग र मुद्दाहरू सम्बोधन भएको छैन । २०७२ साल भदौमा टीकापुरमा भएको घटनाका आरोपीमा हाम्रा २६ जना साथीहरूलाई झुठा मुद्दा लगाई बन्दी बनाइएको छ । त्यो घटना राज्यपक्षले गराएको हो । त्यतिबेला थारूहरूको घरमा तोडफोड, आगजनी, महिलाहरूमाथि बलात्कार भएको थियो, ती दोषीहरूलाई कारबाही गर्नुको साटो राज्यले निर्दोष थारूहरूलाई समातेर थुनामा राखेको छ । टीकापुर घटनासँग सम्बन्धित जति पनि आयोगहरू बनेका छन् ती सबै आयोगले प्रतिवेदन पनि बुझाइसकेको अवस्था छ तर राज्यले सार्वजनिक गरि रहेको छैन । ती सबै प्रतिवेदनहरू राज्यले अविलम्ब सार्वजनिक गर्नुपर्‍यो । यो देशमा जसरी थारूहरू गैरनागरिकको रूपमा बाँचिरहेका छन्, तिनीहरू पनि यो देशको नागरिक हो भनेर आत्मसम्मानका साथ राज्यले हामीलाई सम्बोधन गर्नुपर्ने लगायतका विषयमा हाम्रो आन्दोलन जारी छ ।

**० टीकापुर घटनाको आरोप लागेका आन्दोलनकारीहरूको अवस्था कस्तो छ ?**

– राज्यले जबर्जस्ती थुनेपछि अवस्था त नाजुक नै छ । जुन परिवारका अभिभावक नै जेलमा परिसकेको छ, उनीहरूका बालबच्चा, महिला, वृद्धवृद्धाहरू बिचल्लीमा छन् । थुनामा रहेका आन्दोलनकारीका बच्चाहरूको उच्च शिक्षाको कुरा त परै जाओस् विद्यालय जानबाट पनि वञ्चित छन् । उनीहरू गाँस, बास र कपासदेखि लिएर सबै किसिमका मौलिक अधिकारबाट वञ्चित छन् । राज्यले अहिलेसम्म कुनै सुनुवाई गरेको छैन । राज्यले थारूहरूलाई राज्यविहीनको अवस्थामा राखेको छ ।

**० टीकापुर घटना राज्यले नै गराएको हो भनेर तपाईं कसरी भन्न सक्नुहुन्छ ?**

– टीकापुर घटना नितान्त एउटा रहस्यमयी घटना हो । यो राजनीतिक घटना हो । घटना भए लगत्तै तत्कालीन गृहमन्त्री वामदेव गौतमले प्रष्ट जवाफ दिनुभएको छ नि । उहाँले भन्नुभएको छ कि टीकापुर घटना थारूहरूले गराएको होइन, यो घटना फलानाले गराएको हो । घटनाका सम्बन्धमा छानबिनका लागि राज्यले नै गठन गरेको विभिन्न आयोगहरूको प्रतिवेदनलाई हेर्न सक्नुहुन्छ । को दोषी हो भनेर ती प्रतिवेदनमा प्रष्टमा रूपमा लेखिएको छ । ती प्रतिवेदनहरूमा नेपाल सरकार स्वयम् आफै दोषी हो भनेर देखाइसकेपछि त्यसलाई सार्वजनिक नगरिएको हो । त्यसकारणले टीकापुर घटना राज्यले नै गराएको हो भनेर हामीले भनिरहेका छौं ।

**० भनेपछि ती प्रतिवेदनहरू सरकारले अविलम्ब सार्वजनिक गर्नुपर्‍यो ?**

– सरकारले आयोग वा समितिहरू बनाउँदा त्यसले प्रतिवेदन बुझाइसकेपछि सार्वजनिक त गर्नुपर्‍यो नि । त्यो सूचनाको हक पनि हो । संविधानमा सूचनाको हकको व्यवस्था गरेको छ भने जनतालाई त्यसको बारेमा जानकारी हुनुपर्‍यो नि । यदि त्यसको जानकारी जनतालाई दिनु नै छैन भने किन छानबिन समिति वा आयोग बनाउनुपर्‍यो ।

**० ती प्रतिवेदनहरू सार्वजनिक गराउन तपाईंहरूले सरकारसँग माग गर्दा के जवाफ आयो त ?**

–हामीले बारम्बार सरकारी पक्षलाई भेटेर, ज्ञापनपत्र बुझाएर आग्रह गरेका छौं कि ती घटनाका सम्बन्धमा गठित आयोगले बुझाएको प्रतिवेदन सार्वजनिक गर्नुस् । तर राज्यले सुनुवाई गरेको छैन । हामी शान्तिप्रेमी हौं र शान्तिपूर्ण तरिकाले भन्दै आएका छौं । सरकारी पक्षले प्रतिवेदन सार्वजनिक गर्छौं भनेर आवश्वासन मात्र दिएको छ तर सार्वजनिक गरेको छैन ।

**० टीकापुर घटनाको अभियोगमा अहिले थुनामा रहनुभएका रेशमलाल चौधरीको पार्टी राजपासँग तपाईंहरूको सहकार्य भइरहेको छ कि छैन ?**

– टीकापुर घटना नितान्त थारूहरूसँग सम्बन्धित घटना हो । तर पनि राजपासँग हाम्रो समन्वय र सहकार्य त भइरहेको छ । त्यो घटना कुनै पार्टी भनेर गराइएको होइन, त्यो राजनीतिक घटना हो । यसको समाधान पनि राजनीतिक तवर बाट नै हुनुपर्छ ।

**० रेशमलाल चौधरी राजपा नेपालबाट निर्वाचित हुनुभएको छ र उहाँको पार्टी संघीय संसदमा तेस्रो ठूलो दलको रूपमा रहेको छ । खासगरी रेशमलाल चौधरीको सन्दर्भमा राजपाको भूमिका कस्तो पाउनुहुन्छ ?**

– राजपाका नेताहरूले आफ्नो ठाउँबाट आवाज उठाइरहनु भएको छ । तर, त्यसको सुनुवाई भइरहेको छैन ।

**० थारू समुदायका सांसदहरू जो अन्य पार्टीमा हुनुहुन्छ, उहाँहरूले यस विषयमा बोलेको पाइँदैन, किन होला ?**

> **थारूमाथि भइरहेको विभेद र दमनका विषयमा कोही पनि अनभिज्ञ छैनन् । थारू समुदायका सांसदहरू चाहे जुनसुकै पार्टीमा होस्, उहाम्हरूले स्वस्फूर्तरूपमा यस विषयमा बोल्नुपर्ने हो तर बोलिरहेको पाएका छैनौं ।**

– थारूमाथि भइरहेको विभेद र दमनका विषयमा कोही पनि अनभिज्ञ छैनन् । थारू समुदायका सांसदहरू चाहे जुनसुकै पार्टीमा होस्, उहाँहरूले स्वस्फूर्तरूपमा यस विषयमा बोल्नुपर्ने हो तर बोलिरहेको हामी पाएका छैनौं । उहाँहरू बोले पनि नबोले पनि हामी आफ्नो ठाउँबाट आवाज उठाउँदै आएका छौं । उहाँहरू आफ्नो पार्टीको सिन्डिकेट विरूद्ध जान नसकेर होला ।

**० प्रधानमन्त्री केपी ओली र प्रचण्डलाई जेलमा हाल्नुपर्छ भन्नुभएको थियो, किन ?**

– केपी ओली र प्रचण्डलाई पनि जेलमा हाल्नुपर्छ । किनकि थारूहरू टीकापुर घटनाका दोषी छैनन् तर पनि अभियोग मात्र लगाएर अहिले थुनामा राखिएको छ । जसले घोषणा गरेरै हजारौं नेपालीको हत्या गराए, अर्बौं खर्बौंको धनजनको क्षति गराए तिनीहरूभन्दा ठूलो अपराधी को हुन सक्छन् ? कसैमाथि अभियोग लाग्दैमा उ अपराधी हुन सक्दैनन् । यदि प्रचण्ड र ओलीले घोषणा गरेरै हजारौं जनताको हत्या गर्न र गराउन सक्छन् भने हामी थारूहरूको त त्यसमा संलग्नता पनि छैन । अनि हामीमाथि अभियोग लाग्ने बित्तिकै वर्षौंसम्म थुनामा राखिने तर जसले यत्रो नेपालीहरूको हत्या गरे, तिनीहरूले नै देशको बागडोर कसरी चलाउन मिल्छ भनेर मैले यसो भनेको हुँ । जनयुद्धको नाउँमा प्रचण्डहरूले बीसौं हजार नेपालीको हत्या गरे, झापा विद्रोहमा ओलीहरूले हजारौं नेपालीको ज्यान लिए भनेर जगजाहेर नै छ । उनीहरूले खुला रूपमा भनेर हत्या हिंसा मचाउँदा त्यो राजनीतिक घटना हुने तर सदियौंदेखि राज्यबाट शोषित पीडितहरूले आफ्ना अधिकारका लागि आवाज उठाउँदा उल्टै दमन गर्ने र थुनामा राख्न मिल्छ ? यो कहाँको न्याय हो ? तसर्थ, मैले त्यो सन्दर्भमा प्रचण्ड र ओलीलाई पनि थुनामा राख्नुपर्छ भनेर भनेको हुँ ।

**० भनेपछि नेपालमा समुदायको आधारमा कानूनको प्रयोग हुने गरेको छ ?**

– नेपालमा त समुदाय, जात र व्यक्तिको आधार कानुनको प्रयोग हुने गरेको कुरा कसैबाट लुकेको छैन । यदि यही तरिकाले कानूनको प्रयोग गर्ने हो भने संविधानमै लेख्नुपर्‍यो कि ठूलालाई चैन सानालाई ऐन । त्यो व्यवस्था भइदिएको भए हामीले स्वीकार्न सक्थ्यो कि ठिकै छ हामी शोषित पीडितहरूमाथि उनीहरूको व्यवहार ठिक्कै हो । ती कुराहरू संविधानमा किन लेख्न सकेनन् त ? जब संविधानमा सबै नागरिक समान हो भने यसरी समुदायको आधारमा प्रयोग किन ?

**० तपाईंहरूको आन्दोलन अहिले कुन रूपमा अगाडि बढ्दैछ त ?**

– हामी शान्तिपूर्ण रूपमा आन्दोलनका कार्यक्रमहरू अगाडि बढाइरहेका छौं । हामीले विभिन्न राजनीतिक दलहरूसँग सहकार्य गर्दैछौं । यसैगरी, हामीले जिल्ला प्रशासन कार्यालय, प्रदेश सरकार र प्रधानमन्त्रीसम्मलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम राखेका छौं । यस्तै, हाम्रो थारू कल्याणकारिणी सभाको महाधिवेशनको मिति पनि असोजमा गर्ने भनेर तय गरिसकेका छौं र त्यसलाई आन्दोलनकै रूपमा सम्पन्न गर्ने तयारीमा छौं ।

**० तपाईंहरूले गरेको आन्दोलनलाई सरकारले सुनेको अवस्था छैन, आगामी दिनमा के गर्नुहुन्छ ?**

– हाम्रो शान्तिपूर्ण आन्दोलनलाई सरकारले सुने पनि नसुने पनि हामी निरन्तर आन्दोलनमै हुन्छौं । कुनै न कुनै दिन शान्तिपूर्ण आन्दोलन अवश्य नै सफल हुनेछ भन्ने विश्वास लिएका छौं । यो मुलुक कस्तो छ भने जब हिंसा भड्किन्छ तब मात्र सुनुवाई हुन्छ । तर, त्यस्तो दिन नआओस् भन्ने पक्षमा छौं । हामी त्यस्तो गतिविधिमा संलग्न हुँदैनौं ।

## प्रधानसेनापति क्षत्री चीन तथा म्यानमार भ्रमणमा



काठमाडौं । नेपाल सरकारको निर्णय बमोजिम प्रधानसेनापति राजेन्द्र क्षत्री मित्रराष्ट्रहरू जनवादी गणतन्त्र चीन तथा म्यानमारको औपचारिक भ्रमणमा प्रस्थान गरेका छन् । उनी म्यानमारको चारदिने भ्रमण पुरा गरी असार २४ गतेबाट मित्रराष्ट्र जनवादी गणतन्त्र चीन भ्रमण गर्ने कार्यक्रम रहेको छ । उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बलाधिकृत रथी पूर्णचन्द्र थापाले विदाई गरेका थिए । भ्रमणको क्रममा प्रधानसेनापति क्षत्री म्यानमारमा रहँदा म्यानमारका राष्ट्रपति, सेनाध्यक्ष र म्यानमारमा रहेका प्रवासी नेपालीहरूसँग भेटघाट गर्ने कार्यक्रम रहेको छ । साथै, उनी चीनमा रहँदा चिनिया रक्षामन्त्री, सेनाध्यक्ष लगायत उच्च पदस्थ अधिकारीहरूसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ । भ्रमण अवधिभर प्रधानसेनापति क्षत्रीको अनुपस्थितिमा बलाधिकृत रथी पूर्णचन्द्र थापाले कायम मुकायम प्रधानसेनापतिको कार्यभार सम्हाल्नेछन् । भ्रमण सम्पन्न गरी प्रधानसेनापति क्षत्री असार २९ गते स्वदेश फिर्ता हुने कार्यक्रम रहेको नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

## पीडितहरूलाई तुरून्त राहत दिन सांसद यादवको माग



काठमाडौं । संघीय समाजवादी फोरम नेपालका सांसद प्रदिप यादवले बाढी पहिरोबाट क्षति भएका पिडितहरूलाई तुरून्त राहत दिन नेपाल सरकारसँग माग गरेका छन् । बुधबार बसेको संघिय संसदको बैठकमा बोल्दै सांसद यादवले बाढी पहिरोले मृत्यु भएका परिवारप्रति सम्बेदना प्रकट गर्दै बाढी पिडितलाई राहत र मृत्कलाई क्षतिपुर्ति दिनुपर्ने माग गरेका थिए । वीरगंज महानगरपालिकाको आद्या दर्जनभन्दा बढी वडाहरू डुबानमा परेका छन् । सिर्सिया नदी २०२१ सालमा ३ सय ५० मिटर चौडाईबाट अहिले मालपोत र नापीका भुमाफियाहरूको कारण खुम्चीएर ४०र५० मिटरमा सिमित भएको छ । अहिले त्यो सम्पुर्ण जग्गाहरू व्यक्तिको नाममा कायम भएकाले ति जग्गा छानविन गरि नेपाल सरकारको कायम गर्नुपर्ने उनले सांसदमा माग गरेका थिए । नदी खुम्चीएकै कारण बाढीले मितेरी पुल, रानिघाट पुल, रामघरवा पुल र सिर्सिया नदीमा पानिको बहाव कम भएर वीरगंज महानगर डुबानमा परेको छ । वीरगंजन महानगरपालिका अन्तर्गत ईश्वी सम्वत २०१४ मा सम्झैता भई एशियालि विकास बैकको ३ अर्बको परियोजनामा ईन्जिनियर शैलेन्द्र श्रेष्ठले ठेकेदारसँग मिलेर डिजाईन परिवर्तन गरेका कारण वीरगंजमा डुबानमा परेको सांसद यादवले बताएका थिए । सांसद प्रदिप यादवले महानगरको अर्बौको प्रोजेक्ट ईन्जिनियर श्रेष्ठका कारण डुबानमा परेकाले तुरून्त छानविन गरि कार्वाहीको माग गरेका थिए ।

## संक्षिप्त समाचार

### एमनेष्टी इन्टरनेशनल महोत्तरीमा साह

जलेश्वर । एमनेष्टी इन्टरनेशनल समूह ७ महोत्तरीको ११ औं अधिवेशनले सर्वसम्मतीबाट चन्देश्वर साहको अध्यक्षतामा ११ सदस्यीय समिति गठन गरेको छ । समितिको उपाध्यक्षमा मुकेश कर्ण, सचिवमा विकरू यादव, उपसचिवमा संजीवकुमार र कोषाध्यक्षमा मिना साह चयन हुनुभएको छ । त्यसैगरी समितिका सदस्यहरूमा ईश्वरी पौडेल, सुधा झा, श्रीश मिश्र, निलम मिश्र, राम मिश्र र वरूणकुमार मण्डल चयन भएका छन् । त्यस्तै सल्लाहकारहरूमा नारायण प्रसाद अधिकारी, गणेशप्रसाद साह, हेमनारायण लाल कर्ण, ध्रुव राय र गुणबहादुर राउत चयन हुनुभएको एमनेष्टी इन्टरनेशनल समूह ७ महोत्तरीका अध्यक्ष चन्देश्वर साहले जानकारी दिए ।

### पशु कार्यालयद्वारा अनुगमन

**राम नारायण पंडित, सिरहा ।** मिर्चैयामा संचालित मासु पसल, दुध डेरी उद्योग, बाखापालन र गाईपालन फर्मलाई अनुगमन गरिएको छ । मिर्चैया नगरपालिका अन्तर्गत रहेका पशु सेवा कार्यालयले बुधबार अनुगमन गर्दा मिर्चैयामा मासु पसलहरू बिना दर्ताको संचालनमा रहेको पाईएको छ । अनुगमनका क्रममा मासु पसलहरू मापदण्ड बिपरित संचालनमा रहेको र फोहोर देखिएकोले पहिलो पटक सचेत गराई छाडिएको पशु सेवा कार्यालय मिर्चैयाका प्रमुख नागेश्वर हाथीले बताए । मिर्चैयामा संचालित रहेका दुध डेरी उद्योग पुर्ण रूपले सफा नरहेको र दहीलाई गुलियो बनाउन स्वास्थ्यका लागि हानीकारण हुने केमिकल प्रयोग गर्ने गरेको देखिएकोले उक्त केमिकल जफत गरिएको अनुगमन टोलीका नेतृत्वकर्ता तथा मिर्चैया नगरपालिकाका मेयर श्रबण कुमार यादबले जानकारी दिए । मिर्चैयाको थाना चौक र बजार एरियामा संचालित डेरीबाट केमिकल जफत गरिएको मेयर यादबले बताए ।

### जलेश्वरनाथ महिला समूहमा नायडु नेपाली

जलेश्वर । जलेश्वरनाथ महिला समूह ५ को दोस्रो साधारणसभाबाट नायडु नेपालीको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरिएको छ । समितिको उपसंयोजकमा कल्याणी चौधरी, सचिवमा निकी कर्ण, उपसचिवमा शान्ता दहाल, कोषाध्यक्षमा ममता झा चुनिएका छन् । त्यसैगरी सदस्यहरूमा विद्या पाण्डेय, बन्दना कर्ण, सुनिता सिंह, रिता मिश्र, पुष्पा कर्ण र लक्ष्मी गुप्ता रहेका छन् । दोस्रो साधारणसभाको कार्यक्रममा पूर्वराजदुत डा. सुर्यनाथ मिश्र, नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका अध्यक्ष कमलेश मण्डल, निवर्तमान अध्यक्ष ईश्वरी पौडेल, एमनेष्टी इन्टरनेशनल नेपालका राष्टिय उपाध्यक्ष ध्रुव राय, प्रा.हेमनारायण लाल कर्णलगायतका वक्ताहरूले शुभकामना मन्तव्य राखेका थिए ।

### बाढीमा परी बाँकेमा तीनको मृत्यु

नेपालगन्ज । अविरल वर्षापछि आएको बाढीमा परी बाँके जिल्लामा तीन जनाको मृत्यु भएको छ । कोहलपुर नगरपालिका-४ गोहवाका ५ वर्षीय रन्जीत पासीको सोमबार दिउँसो घर नजिकैको नालामा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ । यसैगरी, सोमबार बिहान बैजनाथ गाउँपालिका स्थित जेठी नालामा आएको बाढीले बगाएर बैजनाथ गाउँपालिका-३ का ६५ वर्षीय तुला बुढा र वडा नं ५ का ३५ वर्षीय लोकबहादुर सुनारको मृत्यु भएको प्रहरीले जनाएको छ ।

### कपिलवस्तुमा दुई जना मृत फेला

कपिलवस्तु । कपिलवस्तुको दुई छुट्टाछुट्टै स्थानमा दुई जना मृत फेला परेका छन् । यशोधरा गाउँपालिका-८ खोरीया बस्ने ६५ वर्षीय तिर्थ यादब मंगलबार सोही गाउँपालिका-७ बेल्सापुर बगैंचा नजिकै खेतमा मृत अबस्थामा फेला परेका छन् । यसैगरी कपिलवस्तु बुद्धभूमि नगरपालिका-६ महुवा बस्ने २० वर्षीय प्रेमचन्द्र यादब मंगलबार सुतेको स्थानमा मृत अवस्थामा फेला परेका छन् । मृतक यादवको घाँटीमा शंकास्पद डाम देखिएकोले निजको श्रीमतीलाई प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको छ ।

### करणी र हत्या गर्ने १२ वर्षपछि पक्राउ

रूपन्देही । ईलाका प्रहरी कार्यालय बुटवलले जर्वजस्ती करणी गरि धारिलो छुराप्रहारबाट हत्या गरि फरार दुई अभियुक्तलाई पक्राउ गरि सार्वजनिक गरेको छ । १२ वर्ष अघि हत्या गरि फरार रहेका अभियुक्तलाई पक्राउ गरि आइतबार पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरिएको छ । २०६३ कात्तिक ८ गते राती करिब १ वजेको समयमा रूपन्देही जिल्ला साविक मक्रहर गाविस वडा न.९ हाल तिलोत्तमा नगरपालिका वडा न.१२ विजय नगर घर भएकी ३५ वर्ष की बिजुलिया मुसहरलाई जर्वजस्ती करणी गरि घाटीमा धारीलो छुरारोपि हत्या गर्नुका साथै मृतक बिजुलियाकी ९ वर्षिय छोरी सन्तोषिया मुसहरलाई पनि छुरारोपि हत्या गर्ने तिलोत्तमा नगरपालिका वडा न.१२ विजय नगर बस्ने वर्ष ६४ का बिसम्बर थारू र उनका आफनै छोरा वर्ष ३४ वर्षीय भिख्खु भन्ने अम्रिका थारूलाई प्रहरीले पक्राउ गरि सार्वजनिक गरेको हो ।

### वर्षाका कारण घर भत्कँदा वृद्धाको मृत्यु

कैलाली । अविरल वर्षाका कारण घर भत्कँदा कैलालीमा एक वृद्धाको मृत्यु भएको हो । गोदवरी नगरपालिका-९ धनचौरी बस्ने कडेर राणाको एक तले काठले बनेको कच्ची घर वर्षाले सोमबार भत्किँदा घर भित्र सुतिरहेकी राणाकी ६० वर्षीया श्रीमती दुठा राणाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

### राईफलको गोलीसहित पक्राउ

मोरङ । कटहरी गाउँपालिका(१ बस्ने राजेन्द्र आचार्य र अनिल रायलाई थ्रीनटथ्री राईफलको गोली १ राउण्ड सहित प्रहरीले मंगलबार पक्राउ गरेको छ । बिराटनगर महानगरपालिका(१५ स्थित १ नं ढाट अगाडि उनीहरू सवार को.१३ प ५३०१ नम्बरको स्कुटी जाँच गर्दा उक्त गोली बरामद भएको थियो ।

### सर्पले टोक्दा बालकको मृत्यु

रौतहट । रौतहट जिल्लामा सर्पको टोकाईबाट एक बालकको मृत्यु भएको छ । गौर नगरपालिका१२ कान्तिबजार बस्ने पल्टु राउतको ११ वर्षीय छोरा मनिष राउतको सर्पको डसाईबाट मृत्यु भएको हो । सोमबार शौचालय जाने क्रममा घर छेउ आँगनमा सर्पले डस्दा घाइते भएकोले उपचारको लागि शुभ स्वस्तिक अस्पताल बर्दिबास पठाइएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

### अवैध भारतीय रूपैयाँ, चरेस र हतियार बरामद

कपिलवस्तु । जिल्ला प्रहरी कार्यालयले अवैध भारतीय रूपैयाँ, नेपालमै ओसारपसार गरेको चरेस र अवैध हतियार वरामद गरेको छ । बरामद गरेको सम्रग्री र आरोपीहरूलाई कार्यालय परिसारमा पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ । सवारी साधन नियमित चेकजाँच गर्दा एच आर ०८ एक्स ६०८८ नंको कारवाट १३ लाख,१३ हजार ६ सय ६० भारतिय रूपैयाँ प्रकाउ गरेको छ ।


सबै नेपालीको चाहना : लागूऔषध उत्पादन, अवैध ओसारपसार र सेवनरहित समाजको कामना

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना विभाग

# शिक्षाको विकासले मात्रै समाज रूपान्तरण सम्भव : मुख्यमन्त्री

जलेश्वर । प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउतले समाज रूपान्तरणका लागि शिक्षाको विकास जरूरी भएको बताएका छन् । महोत्तरी जिल्लाको मटिहानी नगरपालिकाद्वारा सञ्चालित कक्षा ८ र ९ मा अध्ययनरत विद्यार्थीहरूलाई कम्प्युटर वितरण कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै मुख्यमन्त्री राउतले शिक्षा विना समाजको रूपान्तरण हुनै नसक्ने ठोकुवा गरे ।

सडक, पुल आदि पूर्वाधारको निर्माण गरेर विकास हुने भएपनि विकासको निम्ति सबभन्दा बढी महत्वपूर्ण समाज रूपान्तरण भएको बताउँदै मुख्यमन्त्री राउतले भने, 'शिक्षाको विकासले मात्रै समाज रूपान्तरण सम्भव भएकोले शिक्षालाई बढी भन्दा बढी जोड दिनु आजको आवश्यकता हो ।'



महोत्तरीको मटिहानी नगरपालिकामा आयोजित एक कार्यक्रममा छात्रालाई कम्प्युटर हस्तान्तरण गर्दै मुख्यमन्त्री मो.लालबाबु राउत गद्दी ।

प्रदेश सरकारले पनि शिक्षाक्षेत्रलाई विशेष प्राथमिकतामा राखेको बताउँदै मुख्यमन्त्री राउतले प्रदेश सरकारले 'बेटी बचाउ र बेटी पढाउ' अभियानलाई पनि यसैसंग जोडेको जानकारी दिए । उनले भने,'यही अभियान अन्तर्गत सरकारले छोरीचेलीलाई विद्यालयमा पठाउने, पढाउने र टिकाउने नीति ल्याउन लागेको छ ।'

यही अभियान अन्तर्गत नै महिलाहरूलाई प्रहरी सेवामा ५० प्रतिशतको आरक्षणको व्यवस्था गरिएको बताउँदै मुख्यमन्त्री राउतले अब बन्ने लोकसेवाको नीतिमा पनि त्यस्तै नीति अवलम्बन गरिने बताए । छोराछोरीमा विभेद गरेर शिक्षा दिनु गलत भएको बताउँदै उनले यो प्रवृत्तिलाई निरूत्साहित गरेर छोरा छोरी दुवैलाई समान रूपमा उच्च शिक्षा दिन सबैलाई आग्रह गरे ।

प्रदेश नम्बर २ लाई प्राविधिक शिक्षाको हव बनाउन प्रदेश सरकार लागिपरेको बताउँदै मुख्यमन्त्री राउतले भने, 'हाम्रो सरकारले प्रदेशमा आधुनिकीकरण, प्राविधिक र व्यवसायिक शिक्षामा जोड दिने नीति ल्याउन अगाडी बढेको छ ।'

उनले प्राविधिक र व्यवसायिक शिक्षाको अभावमा युवाहरू खाडीमुलुकमा लेवरमा काम गर्न बाध्य भइरहेको बताउँदै युवाहरूलाई सीप बढाउन पनि सरकार अगाडी बढेको जानकारी दिए ।

मटिहानी नगरपालिकाले विद्यार्थीहरूलाई कम्प्युटर वितरण गरेर शिक्षाको आधुनिकीकरण गरेकोमा बधाई दिँदै यो कार्यलाई सबै स्थानीय तहले लागू गर्नुपर्ने आवश्यकतामा जोड दिए ।

सोही कार्यक्रममा प्रदेश नम्बर २ का भौतिक पूर्वाधार तथा योजना मन्त्री जितेन्द्र सोनलले प्रदेशलाई 'नेगलेट' गरेर केन्द्रीय सरकारले कार्य गरिरहेकोमा रोष व्यक्त गर्दै यसलाई प्रदेशको जनताले सहन् नसक्ने बताए ।

बिग्ही पुल र सडकको विकासको साथसाथै विद्यापति सर्किट (बनौलीदेखि मटिहानी, जलेश्वरहुँदै मडैसम्म) को निर्माणले यसक्षेत्रको विकासलाई अगाडीलग्ने बताउँदै विकासको निमित्त यो सरकार अग्रसर रहेको बताए ।

मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साह, प्रदेश साँसद अभिराम शर्मा, मानमहन्थ जगन्नाथदास शास्त्रीसहित विभिन्न पार्टीका नेताहरूले आ-आफ्नो मन्तव्य राखेका थिए ।

मटिहानी नगरपालिकाले मटिहानीको ३ वटा विद्यालयमा कक्षा ८ र ९ मा अध्ययनरत २ सय ५० विद्यार्थीलाई कम्प्युटर वितरण गरेको थियो । मटिहानी नगरपालिकाको प्रथम नगरसभाबाट कम्प्युटर शिक्षा सबैको लागि प्राविधिक शिक्षा अन्तर्गत जोडकोषमा आधारित रहेर गरेको निर्णय वमोजिम कम्प्युटर वितरण गरिएको मटिहानी नगरपालिकाका मेयर हरिप्रसाद मण्डलले जानकारी दिए । कम्प्युटरको लागि प्रतिविद्यार्थीले साढे ७ हजार र नगरपालिकाले त्यसको आधा रकम तिरेर कम्प्युटर प्रदान गरेको जनाइएको छ ।

## "मैथिली" लाई कामकाजको भाषा बनाउन सकिन्छ"

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले 'मैथिली' लाई कामकाजको भाषा बनाउन सकिने बताएका छन् । उनले प्रदेश २ मा सबैभन्दा बढी बोलिने भाषा मैथिली नै रहेकोले सरकारी कामकाजमा ल्याइने बताएका छन् । जनकपुरधाममा भाषा आयोगले आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री राउतले सो कुरा बताएका हुन् । मातृभाषा प्रयोगले नै धेरै मुलुक विकासमा फड्को मारेको उनले बताए । उनले भने, 'विश्वमा जहाँ-जहाँ मातृभाषालाई प्राथमकिता दिइएको छ, ती देश नै सबैभन्दा बढी विकसित भएका छन् । चीन, जापान यसका उदाहरण हुन् ।' उनले मातृभाषालाई नै प्राथमिकता दिएर जाने हो भने प्रदेशको विकास अपेक्षाअनुसार हुने उनले बताए । 'सबैलाई सजिलो हुने भाषा बोल्नुपर्छ, प्रदेशमा सबैभन्दा बढी मैथिलीभाषी छन् । त्यसैले यसलाई कामकाजको भाषा बनाएर अगाडि जान सकिन्छ ।' उनले भने । उनले मैथिलीलाई प्रदेश २ को कामकाजको भाषा बनाउनु अन्य भाषालाई अपमान नहुने दाबी गरे । उनले हिन्दीलाई पनि सम्पर्कको भाषा बनाएर जान सकिने अवस्था रहेको बताए ।

## भू-माफियाहरू आतिए : राजपा

राकेश यादव, रौतहट । राष्ट्रिय जनता पार्टी नेपाल जिल्ला कार्य समिति रौतहटले गौर राइस मिलको जग्गाको अधिग्रहण प्रक्रिया अगाडि बढिसकेपछि भू-माफियाहरू हतास र निरास भई भ्रामक र कपोलकल्पित वक्तब्यबाजी गरिरहेको बताएको छ । जिल्ला संयोजक शेख जमशैद र सहमहासचिव अनिल कुमार सिंहले संयुक्त रूपमा प्रेस विज्ञप्ति जारी गरेर अधिग्रहण हुने निश्चित भएको देखेर भू माफियाको समूहले राजपाका नेताको विरोधमा विभिन्न किसिमका आरोप लगाउँदै आएको प्रति पार्टीको ध्यानाकर्षण भएको जनाएका छन् । पार्टीका महासचिव एवं गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ताको नेतृत्वमा अधिग्रहण प्रक्रिया अगाडि बढाई मुआब्जाको व्यवस्थासमेत मिलाइएपछि भू-माफियाको समूह आतिएर खुल्ला रूपमा अपहरण, ज्यान मार्ने धमकी दिनु क़ानूनी राज्यको शासन व्यवस्थाको खिल्ला उडाएको ठहर विज्ञप्ती मार्फत गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'गौर नगरपालिकाको वडादेखि मेयरसम्म र विधायकदेखि संघीय संसदसम्म राजपाका नेता निर्वाचित भएकोले राईस मिलको जग्गा अधिग्रहण गरी नगरवासीलाई उपहार दिइने छ ।'



## उपप्रधानमन्त्री र इपीजीका भारतीय संयोजकबीच भेट

काठमाडौं । प्रबुद्ध व्यक्ति समूहको भारतीय पक्षका संयोजक भगतसिंह कोसियारीले उपप्रधानमन्त्री एवं रक्षा मन्त्री ईश्वर पोखरेलसँग भेटवार्ता गरेका छन् । पोखरेल र कोसियारीबीच राजनीतिक अवस्था, सरकारका कार्ययोजना, दुई देशबीचको सम्बन्धसहितका विषयमा छलफल भएको हो । साझा प्रतिवेदन तयार पारेको अवगत गराउँदै भारतीय पक्षका संयोजक कोसियारीले नेपालसँगको मित्रता अझ कसिलो र सुमधुर होस् भन्ने भारतले चाहेको उल्लेख गरे । आगामी दिनमा दुई देशबीच समस्या नआउने गरी सुझाव तयार गरेर प्रतिवेदन निर्माण गरिएको कोसयरीले जानकारी दिए । उपप्रधानमन्त्री पोखरेलले दुवै देशले प्रतिवेदनलाई इमान्दारिताका साथ कार्यन्वयन गर्ने तर्फ ध्यान दिने विश्वास व्यक्त गरे । यसैगरी, कोसियारीले राष्ट्रपति विद्यादेवी भण्डारीसँग पनि आजै लाई भेट गरेका छन् ।

## आन्दोलन फिर्ता

काठमाडौं । निजी विद्यालयको मूल्यवृद्धि, शिक्षामा सुधार लगायतका मागहरू गर्दै आन्दोलन गर्दै आएका आठ विद्यार्थी संगठनहरूले ९ बुँदे सहमति गर्दै आन्दोलन फिर्ता लिएका छन् । सोमबार आठ विद्यार्थी संगठन र सरकारी पक्षबीच नौ बुँदे सहमति भएको हो । अनियमित र औचित्य पुष्टि नहुने गरी बढाइएको शुल्क एक महिनाभित्र फिर्ता/समायोजन गर्ने सहमति भएको हो । नेपालको संविधानमा व्यवस्था भए बमोजिम आधारभूत शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक शिक्षा निशुल्क गर्न कानून निर्माणको तत्काल थालनी गर्ने सहमतिपत्रमा उल्लेख छ ।

## स्थानीय सम्वाद

संगीता पन्त

# राइस मिलको जग्गा अब नगरपालिकाको हुन्छ



अजयकुमार गुप्ता
मेयर, गौर नगरपालिका

**० गौर नगरपालिकामा रहेको राईस मिलको विषयमा देखिएका विवाद के हो ?**

– यसमा विवादको कुनै कुरै छैन । गौर नगरपालिकाले राईस मिलको जग्गा अधिग्रहण प्रक्रिया धेरै अगाडि देखि नै बढाइसकेको छ । यसमा लाग्ने मुआब्जा रकम उपलब्ध गराउन संघीय सरकार र प्रदेश सरकारलाई आग्रह गरेको छु । यो मुआब्जाको रकम हामीलाई दिनू, हामी त्यस जग्गालाई गौर नगरपालिकाको नाममा गराएर खेलकुद मैदानको रूपमा विकास गर्छौं भनेका हौं, तर हालसम्म बजेट भाषणमा पनि राईस मिलको सम्बन्धमा कुनै रकम विनियोजन भएको छैन । यो विषयमा मैले प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत र अर्थमन्त्री विजय यादवसँग पनि छलफल गरेको हुँ । उहाँहरू यो विषयमा सकारात्मक हुनुहुन्छ । यसको लागि गौर नगरपालिकाले १/२ करोड बजेट विनियोजन गर्न लागेको छ । यो जग्गा अतिक्रमण भइसकेपछि गौर नगरपालिकाको नाममा दर्ता हुन्छ र त्यहाँ खेलकुद मैदान बन्छ ।

**० राईस मिलको जग्गाको विषयमा तपाईंलाई अपहरण गर्नेसम्म धम्की आएको भनेर अभिव्यक्ति दिनुभएको थियो नि ?**

– केही भूमाफियाहरूले विभिन्न किसिमका जाली कागज बनाई त्यो जग्गालाई बेचबिखन गर्न प्रयासरत थिए । मलाई विभिन्न माध्यमबाट लोभ, लालच, धम्की दिने र त्यो जग्गा अधिग्रहण प्रक्रियालाई रोक्ने अभिप्रायले विभिन्न षड्यन्त्र गरिरहेका छन् । यो षड्यन्त्रले गर्दा मेरो मनोबल झन् उँचो भएको छ । म जसरी भए पनि गौर राईस मिलको जग्गा अधिग्रहण गराएरै छाड्छु र नगरवासीलाई समर्पित गर्छु । भूमाफियाहरूले केही गर्न सक्ने अवस्था छैन । मलाई गौर नगरवासीको पूरै साथ र सहयोग छ ।

**० तपाईंलाई धम्की दिने व्यक्ति चाँहि को हुन् ?**

– एउटा विजय यादव भन्ने व्यक्ति छ जसको डकुमेन्ट हेर्दा यो राईस मिलसँग कुनै सम्बन्ध देखिंदैन । यो एउटा सुनियोजित षड्यन्त्र हो । गौरको मेयर भनेको लोकप्रिय मान्छे हो, झन् राईस मिल अधिग्रहण गरिसकेपछि अझ लोकप्रिय हुने डरले राजनीतिक विरोधीहरू पनि मलाई बदनाम गर्न लागिपरेका छन् ।

**० विजय यादव भन्ने व्यक्तिले त्यो जग्गा खरिद गर्नका लागि तपाई लगायत अन्य १/२ जनालाई लाखौं रूपियाँ दिएको भनेर सार्वजनिक रूपमै बताएका छन, यो सत्य हो ?**

> केही भूमाफियाहरूले विभिन्न किसिमका जाली कागज बनाई त्यो जग्गालाई बेचबिखन गर्न प्रयासरत थिए । मलाई विभिन्न माध्यमबाट लोभ, लालच, धम्की दिने र त्यो जग्गा अधिग्रहण प्रक्रियालाई रोक्ने अभिप्रायले विभिन्न षड्यन्त्र गरिरहेका छन् ।

– जुन व्यक्तिसँग मेरो कहिल्यै भेट नै भएको छैन, कुनै विषयमा आजसम्म छलफल भएकै छैन उसँग राईस मिलको विषयमा छलफल हुने सवाल नै आउँदैन । यदि उनले त्यसरी सार्वजनिक अभिव्यक्ति दिँदै हिँडि रहेको छ भने प्रमाण पेश गर्नु पर्‍यो । जहाँसम्म पैसाको लेनदेनको विषय हो, या त अझ टाढाको कुरा भयो । विजय यादव भन्ने मान्छेसँग मेरो कुनै विषयमा कुरा भएकै छैन ।

**० यस्तो किसिमको आरोप लगाउनुको पछाडि के कारण देख्नुहुन्छ ?**

– विगतमा पनि यो राईस मिलको विषयमा विभिन्न कुराहरू बाहिर आएकै हो । अहिले पनि यस्ता भूमिफायाहरू मेरो विरोधी मानिसहरूसँग मिलेर मलाई बदनाम गराई यो जग्गा अधिग्रहण प्रक्रिया रोक्ने पर्यत्न गरिरहेका छन् । तर उनीहरूको प्रत्यन कहिले पनि सफल हुँदैन ।

**० राईस मिलको जग्गा कति छ ?**

– ५ बिघा १९ कट्ठा छ ।

**० त्यो राईस मिल कहिले स्थापना भएको थियो र कहिले बन्द भयो ?**

– राइस मिल २००३ मा स्थापना भएको हो । २०१८ सालमा सुरू भएको हो र २०३३ सालमा बन्द भएको हो । त्यसको सबै सेयर धनीहरूको मृत्यु भइसकेको छ र त्यो खेल मैदान कै रूपमा गौर नगरवासीले उपयोग गरिरहेका छन् । जिल्लाभरीका आमसभा, राजनीतिक सभा, गोष्ठी, मेला, महोत्सवहरू त्यहीँ मैदानमा हुने गरेको छ । विगत ५ वर्षदेखि भूमाफियाहरूले विभिन्न नक्कली कागजहरू बनाई त्यो राईस मिलको जग्गा मेरो हो मैले बेच्न पाउँछु भनी अभियानमा लागेका छन् । तर म निर्वाचित भएदेखि नै यो जग्गा अधिग्रहण गर्ने प्रक्रियामा छु र यो जग्गा अधिग्रहण जबसम्म हुँदैन तबसम्म म शान्त भएर बस्दिन ।

**० तपाईं मेयर भएपछि आफ्नो नगरमा के-कस्तो कार्य गर्दै आउनुभएको छ ?**

– म निर्वाचित भएदेखि नै मैले यो नगरको सरसफाईलाई प्रमुख ध्यान दिएको छु । गौर नगरपालिका विगत भन्दा धेरै सफा भएको छ । भौतिक पूर्वाधारहरूको निर्माण गरेको छु । सामाजिक विकासको क्षेत्रमा हामीले विभिन्न तालिम गराई आयमूलक, सीपमूलक, महिला हिंसा विरूद्ध लगायतका विभिन्न कार्यक्रम सञ्चालन गराइ रहेको छु । शिक्षा, स्वास्थ्य, खानेपानी लगायत अतिआवश्यक क्षेत्रमा सुधारको लागि मैले पहल थालेको छु । गौरलाई धर्मिक पर्यटकीय स्थलको रूपमा विकसित गर्न हाम्रो योजना रहेको छ र त्यस अनुसार हामी अगाडि बढिरहेका छौं र बाँकी रहेका काम म आफ्नो कार्यकालमा पूरा गर्नेछु ।

**० युवाहरूको लागि के-कस्ता योजना बनाउनुभएको छ ?**

– पढेलेखेका युवाको लागि गौर नगरपालिकाले निःशुल्क लोकसेवा आयोगको तयारी कक्षा सञ्चालन गरिरहेको छ । सीप सिक्न चाहनेहका लागि हामीले विभिन्न सीपमूलक केन्द्र पनि खोलेका छौं । एकातिर हामी युवालाई विभिन्न तालिम मार्फत दक्ष बनाउने प्रयासमा छौं भने अर्कोतिर वेरोजगार युवालाई रोजगार पनि दिइरहेका छौं । गौर नगरपालिका युवाको सवालमा एकदम सचेत छ ।

**० त्यहाँको विकासका लागि के-कस्ता चुनौतीहरू देख्नुभएको छ ?**

– विकास नै एउटा चुनौती नै हो । विकासको लागि प्रत्येक जनताको सहभागिता स्वामित्व र सहयोग चाहिन्छ । हाम्रो सक्दो प्रयास छ, गौर नगरपालिकाद्वारा भएका विकासलाई आम नागरिकले यो हाम्रो विकास हो यसमा हाम्रो सहभागिता छ भनेर सोच्नुपर्छ । केही चुनौतीहरू पनि छन्, त्यसलाई हामी चिर्दै वार्ता र संवादको माध्यमबाट अगाडि बढ्छौं ।

# वीरगंज नगरसभाद्वारा नीति तथा कार्यक्रम स्वीकृत



वीरगंज । वीरगंज महानगरपालिकाको सोमबार भएको नगरसभाले नगर कार्यपालिकाबाट विभिन्न विषयगत समितिमार्फत पेश भएका कार्यक्रमहरू र उप-प्रमुखबाट पेश भएको बजेट नीति तथा कार्यक्रम संशोधनसहित स्वीकृत गर्ने निर्णय गरेको छ ।

असार १० गते नगर सभा सदस्यहरूले सेवासुविधाको माग राखी सभा बैठक वहिष्कार गरेपछि नगर सभा स्थगित भएको थियो । सोमबार सम्पन्न नगर सभा बैठकले ११ वटा विधेयक सहित ५५ वटा प्रस्ताव सर्वसम्मति पारित गरेको छ । न्यायिक समिति गठन गर्ने विषयमा सभा सदस्यहरूबीच एकमत नभएको कारण बुधवार निर्वाचनमार्फत टुंगो लगाउने नगर प्रमुख विजयकुमार सरावगीले बताए ।

नगर सभाले विधेयक समितिबाट कार्यपालिका हुँदै नगर सभामा स्वीकृतका लागि पेश भएको आर्थिक विधेयक २०७५, विनियोजन विधेयक २०७५,प्रशासकीय कार्यविधि नियमित गर्ने विधेयक २०७५, स्थानीय कृषि ब्यवसाय प्रवर्द्धन सम्वन्धमा ब्यवस्था गर्न वनेको विधेयक २०७५, सहकारी सम्वन्धमा ब्यवस्था गर्न वनेको विधेयक २०७५ र स्वास्थ सेवा सम्वन्धमा ब्यवस्था गर्न वनेको विधेयक २०७५ संशोधन सहित स्वीकृत गर्ने निर्णय गरेको छ ।

त्यसैगरी न्यायिक कार्यविधि सम्वन्धमा ब्यवस्थागर्न वनेको विधेयक २०७५, फोहरमैला ब्यवस्थापन सम्वन्धी ब्यवस्था गर्न वनेको विधेयक २०७५, एफएम रेडियो सम्वन्धमा ब्यवस्था गर्न वनेको विधेयक २०७५, आर्थिक कर्यविधि नियमित तथा ब्यवस्थित गर्न बनेको विधेयक२०७५ र सार्वजनिक तथा निजी साझेदारी विधेयक सम्बन्धमा ब्यवस्था गर्न बनेको वियेक २०७५ संशोधनसहित स्वीकृत गर्ने निर्णय गरेको महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डा. भिष्मकुमार भूषालले जानकारी दिए ।

# विवेकशील साझाले थाल्यो अन्तरक्रियात्मक कार्यक्रम "समता संवाद श्रृंखला"

काठमाडौं । विवेकशील साझा पार्टीले मानव अधिकार, सामाजिक न्याय, समावेशिता, तथा मानव मर्यादालाई केन्द्र विन्दुमा राखेर अन्तरक्रियात्मक कार्यक्रम "समता संवाद श्रृंखला" संचालनमा ल्याएको छ । पार्टीको सामाजिक न्याय तथा समावेशिता विभागले शुरू गरेको अन्तरक्रिया शृंखलामा समानता, सामाजिक न्याय र मानव मर्यादाका विभिन्न पाटाहरूबारे मासिक अन्तरकृयात्मक बहस शुरू गरिएको विभागको प्रमुख समेत रहनु भएका केन्द्रीय सदस्य प्रकाशचन्द्र परियारले बताए ।

श्रृंखलाको पहिलो प्रस्तुती प्रख्यात पुरस्कार "फ्रीडम फ्रम फियर" अवार्डबाट हालै सम्मानित उर्मिला चौधरीलाई मुख्य वक्ताका रूपमा प्रस्तुत गरेर शनिबारबाट आरम्भ गरिएको छ । समता संवादमा आफ्नो प्रस्तुती राख्दै सामाजिक अभियानकर्ता चौधरीले ११ वर्षको उमेरबाट कमलरी जीवनमा भोग्नु परेको हिंसा, दमन, विभेददेखि दासता मुक्ति आन्दोलनमा खेलेको भूमिकाबारे आफ्ना अनूभव, भोगाई, सिकाई तथा प्रेरणादायी विचारहरू पस्किन् । 'समानताको लडाई सकिएको छैन, असमानता, विभेद र विकृति विरूद्ध खुलेर वोल्न,सकृयता देखाउन र अभियान संचालन गर्न तपाई हामी एक जुट हुनै पर्छ, चौधरीको भनाई थियो ।



समारोहमा विवेकशील साझा पार्टीका संयोजक रवीन्द्र मिश्रले समानता विनाको संवृद्धि दिगो हुन नसक्ने भन्दै सामाजिक न्याय र समावेशितालाई पार्टीको मुटु भएको संज्ञा दिए । अर्का संयोजक उज्वल थापाले समता अभियानमा नयाँ पुस्ता तयार हुनुपर्नेमा जोड दिए ।

अन्तरकृयालाई पार्टी केन्द्रीय सदस्य रेशु अर्याल ढुंगाना र समता अभियानकर्ता प्रतिक क्षेत्रीले सहजीकरण गए । अन्तरकृयात्मक कार्यक्रम "समता संवाद श्रृंखला"को अर्को प्रस्तुती साउन दोश्रो साता हुने विभागले जनाएको छ ।

# इपीजीको साझा प्रतिवेदन तयार



काठमाडौं । नेपाल र भारतबीचका सन्धि सम्झौताको समग्रतामा अध्ययन गरी सुझाव पेश गर्न गठित प्रबुद्ध व्यक्ति समूह (इपिजी) को नवौं बैठक सम्पन्न भएको छ । दुई दिनसम्म सञ्चालन भएको बैठकले साझा प्रतिवेदन तयार गरेको छ । सो साझा प्रतिवेदन नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई बुझाउने समूहका सदस्य डा. राजन भट्टराईले जानकारी दिए । बैठकमा मुख्यगरी सन् १९५० को शान्ति तथा मैत्री सन्धि, सीमा व्यवस्थापन र सुरक्षा, जलस्रोत, दुवै मुलुकका राष्ट्रिय हितलगायत विषयमा छलफल भएको थियो । असार २० गते इपिजीको समयसीमा सकिँदैछ । सन् २०१६ को जुलाईमा पहिलो बैठक बसेको समूहको कार्यकाल दुई वर्ष तोकिएको थियो । प्रबुद्ध व्यक्ति समूहको अहिलेसम्म पाँचवटा बैठक नेपालमा र चारवटा बैठक भारतमा सम्पन्न भएका छन् । बैठकमा नेपाली समूहका संयोजक डा भेषबहादुर थापा, डा राजन भट्टराई, पूर्वमन्त्री नीलाम्बर आचार्य र पूर्वसचिव सूर्यनाथ उपाध्याय हुनुहुन्छ भने भारतीय समूहका संयोजक एवं भारतीय जनता पार्टीका नेता भगतसिंह कोसियारी, पूर्वराजदूत जयन्त प्रसाद, प्राध्यापकद्वय महेन्द्र पी लामा र भुवनचन्द्र उप्रेती सहभागी छन् । द्विपक्षीय सम्बन्धका साथै नेपाल र भारतबीच सन् १९५० मा भएको शान्ति तथा मैत्री सन्धि र अन्य सन्धिसम्झौताको नवीकरण, तिनको परिमार्जन र सुधारका निम्ति सुझाव दिन प्रबुद्ध व्यक्ति समूह गठन गर्न दुवै मुलुकका प्रधानमन्त्रीबीच सहमति भएअनुसार समूह गठन भएको हो ।

# काठमाडौं-वाराणसी उडान सुरू

काठमाडौं । बुद्ध एयरले काठमाडौं वाराणसी उडान शुरू गरेको छ । सोमबार र शुक्रबार गरी साताको दुई उडान भरिने बुद्ध एयरका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतले बताए । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्रप्रसाद अधिकारी र प्रबन्ध निर्देशक बस्नेतले काठमाडौंबाट वाराणसी उडानका सम्पूर्ण यात्रुलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बिदाइसमेत गरेका थिए । मन्त्री अधिकारीले दुई शहरलाई धार्मिक तथा पर्यटकीय रूपमा जोड्ने तथा उडानले नेपालले सन् २०२० लाई नेपाल भ्रमण वर्ष मनाउने सरकारको तयारीलाई समेत सहयोग मिल्ने बताए । नेपालबाट वाराणसी यात्रामा गएका यात्रुलाई उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ स्वागत गरेका थिए । बुद्ध एयरले दुवै शहरका लागि विभिन्न धार्मिक तथा पर्यटकीय बिदाका कार्यक्रम पनि सञ्चालनमा ल्याएको छ । उडानबाट भारतीय तीर्थालु तथा यात्रुका लागि विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रको भ्रमणका लागि नेपाल आउने छन् । वाराणसीबाट भारतीय पर्यटक मुख्यगरी पशुपतिनाथ, मुक्तिनाथ र जानकी मन्दिर आउने विश्वास गरिएको छ ।

# भारत र चीन जोड्ने गरी विद्युत प्रशारण लाइन निर्माण हुने

काठमाडौं । सरकारले दुई छिमेकी देशसँग ऊर्जा आदान प्रदानका लागि विभिन्न स्थानमा आठ अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने भएको छ । सन् २०४० सम्मका लागि तयार पारेको प्रसारण लाइन गुरूयोजनाअनुसार भारततर्फ ६ वटा अन्तरदेशीय प्रसारण लाइन र चीनतर्फ तत्कालका लागि दुई अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने लक्ष्य राखेको छ । प्रसारण लाइन गुरूयोजनामा समेटिएका आठ अन्तरदेशीय प्रसारण लाइनमध्ये भारतर्फको ढल्केबर- मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन सञ्चालनमा आइसकेको छ । सो प्रसारण लाइनको क्षमता ४०० केभी भए पनि हाल १३२ केभीमा सञ्चालन भइरहेको छ । यस्तै रक्सोल-परवानीपुर, कुशाहा-कटैया १३२ केभी क्षमताको प्रसारण लाइन पनि सञ्चालन भइरहेको छ ।

# राष्ट्रपति चुरे तराई क्षेत्र विकास योजनाको अनुगमन

**चन्दनकुमार यादव**

राजविराज । राष्ट्रपति चुरे तराई मधेश संरक्षण बिकास कार्यक्रमअन्तर्गत जिल्लास्थित सम्पन्न विभिन्न योजनाहरूको अनुगमन गरिएको छ । जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादब नेतृत्वको अनुगमन टोलीले बलान नदि प्रणाली सघन आयोजना तथा सुन्दरी र खाडो नदी प्रणाली संरक्षण कार्यक्रम अन्तर्गत योजनाहरूको अनुगमन गरिएको हो । सिचाई को ब्यबस्थापन नभएका शंभुनाथ नपा वडा नम्वर २ स्थित कनकपटीमा बर्षायामको भलपानी संकलन गरि अल्पकालिन सिंचाईमा टेवा पुरयाउन रन अफ हार्भेस्टिंग डयाम निर्माण गरेको छ । कनपटीको भुतहा खोला र खुरहुरीया खोलामा दुई वटा निर्माण गरिएको भलपानी ,बर्षाको पानी स्टोर गर्न बनाईएको डयामले कनकपटीका ५८ घरधुरीको २९ हेक्टर जमिनमा सिचाईमा टेवा पुग्ने खेतवारीमा सिचाई पुग्ने अनुगमन टोलीका संयोजक तथा जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादबले बताए ।

सो दुबै डयाम निर्माणका लागि २० लाख १३ हजार ९ सय ७२ रूपैया छुटयाईएको जिल्ला भुसंरक्षण कार्यलयका अधिकृत बिष्णु बहादुर भण्डारीले बताउदै उनले भने डयाम निर्माणले यस क्षेत्रमा माछापालन गरि आयआर्जन गर्न, जमिनमुनि पानीको पुनभरण, हरियाली प्रवधर्न गरि भु वातारण र जैबिक बिविधता संरक्षणमा टेवा पुग्ने बताए । यसैगरी अनुगमन टोलीले सुरंगा नपा वडा नम्वर ४ मधुपटी स्थित बलान नदी प्रणाली सघन आयोजना अन्तर्गत जिल्ला बन कार्यलयले चुरे बन संरक्षणको लागि अति संबेदनशिल क्षेत्रको संरक्षण, पुर्नउत्पादन र बिरूवा रोपनी कार्य को स्थलगत अनुगमन गरेको छ । मधुपटीको सुखलाही खोलाको वरिपरि रहेको चुरे क्षेत्रलाई मरभुमीवाट बचाउन तथा पुन वन स्थापनाको लागि यस क्षेत्रको संरक्षण गर्न माटो बग्न वाट रोक्न कमजोर ठाँउलाइ बचाउन, खैर को वोटबिरूवा रोपेको तथा, जमिन कटानको रोकथामको लागि गल्छी , तारवार बनाई बन क्षेत्रको संरक्षण गर्ने कार्यक्रम गरेको जिल्ला वन अधिकृत धिरेन्द्र प्रसाद सिँहले बताए ।

कुल २५ हेक्टरको क्षेत्रमा संरक्षण को लागि २१ लाख रूपैया बिनियोजना गरिएको अधिकृत सिँह बताए । उनले भने बलान नदी देखि त्रियुगा नदि सम्म ७८ किलो मिटर चुरे क्षेत्र रहेकोले अहिले सम्म ८ किलो मिटरको क्षेत्रमा बन संरक्षण को कार्य गरेको बताए । जिल्ला बन र भुसंरक्षण कार्यलयको संयुक्त अनुगमन टोलीले बलान नदी प्रणाली सघन आयोजना अन्तर्गत सुरंगा नपा ३ दौलतपुर १८ लाख मा लगाईएको आधुनिक नर्सरीको अनुगमन गरिएको अनुगमनमा सहभागी राजपा सप्तरी संयोजक सुनिल कुमार झाले बताए । सो नर्सरीमा प्रजाती खयर, महगी, मसाला, आदी, टिक लगायतका बिरूवाहरू समुदायमा बितरण गर्ने कार्यक्रम रहेको जिल्ला बन कार्यलयका रेन्जर लक्ष्मण साफी बताए ।

यस्तै राष्टपति चुरे तराई मधेश संरक्षण बिकास कार्यक्रम अन्तर्गत सुरंगा नपा वडा नम्वर ४ स्थित सुक्लाही खोला आएको खहरेको रोकथामको लागि ४ वटा स्पर बनाएको भुसंरक्षण सहायक अधिकृत साईट ईन्जार्ज दिनेश प्रसाद चौधरीले जानकारी गराए । स्पर निमार्ण भएपछि यश क्षेत्रका ग्रामिण सडक, बसोवास क्षेत्रलाई रोकधाममा सहयोग पुग्ने स्थानिय उपभोकता अर्जुन मोचीले बताए । जिल्ला भुसंरक्षण कार्यलयले आव ०७४र७५ को सरंक्षण क्रियाकलाप अनुसारको प्रगति बिवरण अनुसार सुन्दरी र खाडो खोला नदी प्रणाली संरक्षण कार्यक्रम र बलान नदी प्रणाली सघन आयोजना को लागि ३ करोड ५४ लाख ४४ हजार रकम बिनियोजित गरेको थियो । कुल योजना ७३ मध्ये ६६ वटा संरक्षणका क्रियाकलाप सम्पन्न गरेको बताईएको छ भने ३ वटा योजना ०७४ चैत्र २८ गतेपछि कुनै बिकास कार्य संम्क्षौता नगर्नु भन्ने परिपत्र बमोजिम छुटयाईएको बजेट २६ लाख २६ हजारको कार्यन्वयन नभएको जिल्ला भुसंरक्षण अधिकृत बिष्णु बहादुर भण्डारीले बताए ।

सो अनुगमन टोलीमा जिल्ला समन्वय समिति प्रमुख प्रभाकर यादब, नेकपा सप्तरीका असोक यादब, नेपाली काँग्रेसका महेन्द्र यादब, संघिय समाजवादी पाटीका सचिव केदार यादब, राजपा सप्तरी संयोजक सुनिल झा, जिल्ला कृषि बिकास कार्यलय प्रमुख भागवत यादब, प्रेस स्वतन्त्रता सेनानी बैधनाथ झा, नेपाल पत्रकार महासँघ सप्तरी सहसचिव चन्दनकुमार यादब, निजी बन संजाल का अध्यक्ष लुकमान श्रेष्ठ, रेन्जर लक्ष्मण साफी, लगायतको सहभागिता थियो ।

## जिल्ला समाचार

### नेपाल-भारतका पत्रकारबीच आपसी हितमा सहकार्य गर्ने प्रतिवद्धता

नेपालगञ्ज । भारत बहराइच र बाँकेका पत्रकारबीच आपसी भेटवार्ता भएको छ । आदर्श पत्रकार वेल्फेयर एशोसीयशन उत्तरप्रदेशको संयोजनमा पहिलो पटक नेपालगञ्जमा आयोजित परिचय तथा अन्तरक्रिया कार्यक्रममा आपसी हित, समन्वय र सहकार्यका विषयमा चर्चा गरिएको थियो । एशोसीयशनका प्रदेश अध्यक्ष अतुल अवस्थीले नेपाल भारत सीमाका पत्रकारहरूले अनेकन सास्ती झेल्नु परिरहे पनि पत्रकारिताको धर्मसँगै सामाजिक उत्तरदायित्व पनि निर्वाह गरिरहेको दाबी गरे । आफना समस्या मात्र हैन, दुवै देशका नागरिकका समस्या पनि पत्रकारले संस्थागत रूपमा उठान गर्नु पर्ने आवश्यक्ता उनले औंल्याए । नेपाल पत्रकार महासंघ प्रदेश न ५ का सचिव शुक्रऋषि चौलागाईले सीमा क्षेत्रको सवाल र मुद्दा समान भएको र रिपोर्टिङ पनि आपसी समन्वय र सहकार्यमा हुनु पर्ने बताए । नेपाल-भारत संयुक्त पत्रकार मञ्च(नेपाल)का संयोजक पूर्णलाल चुकेले पत्रकार स्वयं नागरिक समाजको अगुवा पनि भएकाले समाजको समस्या उजागारसँगै सम्बोधनका लागि पनि थप जिम्मेवार बन्नुपर्ने सझाव राखेका छन् ।

### मेयरद्वारा बाढी प्रभावित क्षेत्रको अवलोकन

वीरगंज । अविरल वर्षाका कारण वीरगंज महानगरपालिका क्षेत्रको डुबान भएका ठाउूहरूमा वीरगंज महानगरपालिकाका मेयर विजय सरावगीलगायत महानगरपालिकाको टोलीले विभिन्न ठाउँको अवलोकन गरेको छ । वीरगंज महानगरपालिकाको छपकैया, रामगढवा, अलौ, सिर्सिया, रानिघाट, राधेमाई, एकिकृत जाचू चौकी (आईसिपि),लगायतका ठाउँहरूमा महानगर प्रमुख सरावगी सहितको टोलीले अवलोकन गरेको हो । अवलोकनको क्रममा डुबानमा परेका मानिसहरूको उद्धार र राहतका लागि के गर्ने भन्ने सवालमा मेयर सरावगीले फिल्डमै कर्मचारी र स्थानीयलाई समेत सुझाव दिएका छन् । रानीघाट क्षेत्रमा ४०/४५ घर परिवार अलि बढी जोखिममा रहेकोले उनीहरूलाई सुरक्षित ठाउँमा सारिएको छ । अनुगमनका क्रममा पानीको बहाब रोकिएको ठाउँहरूमा पानीको निकासका लागि वीरगंज महानगरपालिका र जिल्ला प्रशासन कार्यालयलगायत अन्य जिम्मेवार सरकारी कार्यालयका साधन श्रोत समेतलाई परिचालन गरी जतिसक्दो चाडो सर्वसाधारणलाई राहत पुर्‍याउने काम गर्न महानगरपालिकाका सरसफाई शाखाको कर्मचारीहरूलाई परिचालन गरिएको छ । बाहिरबाट पनि जेसिभि, टिपरहरू सहयोगको रूपमा लिई महानगरपालिका क्षेत्र भित्र सर्वसाधारणलाई बाढीको कारण बढी समस्या भए महानगरपालिकामा अविलम्ब सम्पर्क गर्न अनुगमनमा रहेका महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डा.भिष्मकुमार भुसालले बताए । मौसम विज्ञान विभागका अनुसार अगामी दुई दिन भारी वर्षा हुने सूचना प्राप्त भएको हुनाले डुबान क्षेत्र, नदि आसपासमा बस्ने नागरिकहरूलाई सर्तक भएर बस्न र सुरक्षित स्थानमा बस्न वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डा. भिष्मकुमार भुसालले बताए ।

### अवैध निजी विद्यालय बन्द हुन्छ : मेयर

राकेश यादव, रौतहट । गौर नगरपालिका कार्यालय नगरपालिका भित्रमा रहेको विना अनुमतिको निजी विद्यालय माथि क़ानूनी कारबाही अघि बढाइएको छ । नेपाल सरकारको अनुमति नलिइकन खोलिएको निजी विद्यालयलाइ बन्द गराउन नगरपालिकाले कारबाही गर्न लागेको हो । एक वर्ष भित्रमा खोलिएको करीव १ दर्जन निजी बोर्डिंग विद्यालय कारबाहीमा पर्ने निश्चित भएको छ । सरकारको नियमको खिल्ली उडाउँदै जथाभावी कक्षा सञ्चालन गरेर विद्यार्थीहरूको जीवनसँग निजी विद्यालयको संचालकहरू खेलवाड गरिरहेको जनदबाबपछि नगरपालिकाले अवैध रूपमा संचालन गरेको विद्यालयमा कारबाही थालेको हो । नगरपालिकाले दिएको निर्देशनको पालना नगरी अटेर गरेर बसेको विद्यालय माथि कडा रूपमा कारबाहीको प्रक्रिया बढाइएको नगर प्रमुख अजय कुमार गुप्ताले बताएका छन् । नगरपालिकाले अभिभावक ठगी गर्दै आइरहेको विद्यालय बन्द गर्न पहिला नै सार्वजानिक सूचना जारी गर्दै निर्देशन दिएको थियो । शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ को विपरीत सञ्चालन गरिएको विद्यालयलाई बन्द गराउन तथा विद्यार्थीको भविष्य जोगाउँदै शिक्षाको स्तरमा बृद्धि गर्नका लागि यस्तो प्रक्रिया अपनाइएको मेयर गुप्ताले बताए ।

### बुटवलमा रोजगार मेला

चन्द्रकान्त खनाल, रूपन्देही । नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश ५ र रोजगार सूचना केन्द्र श्रम कार्यालय बुटवलको आयोजना तथा बुटवल उद्योग वाणिज्य संघको आतिथ्यमा बुटवलमा रोजगार मेला भएको छ । रोजगारदाता र कामको खोजिमा रहेका युवाहरूबीच सम्पर्क विकास गरी रोजगारी प्रर्वद्धन गर्ने उद्धेश्यले आयोजना गरीएको मेलामा यस क्षेत्रका उद्योगी र रोजगारका लागि इच्छुक युवाहरूले फारम भरी आफ्नो उद्योग व्यवसायका लागि आवश्यक जनशक्ति उपलब्ध हुने र सीप भएका युवाले रोजगारको अवसर पाउने बिश्वास गरिएको छ । बुटवल उद्योग वाणिज्य संघको सचिवालयमा दुई दिनसम्म चल्ने मेलाको एक कार्यक्रमका बीच प्रदेशका उद्योग पर्यटन वन तथा वातावरणमन्त्री लिला गिरीले उद्घाटन गरेका थिए ।

### ५० हजार नगद सहित पत्रकार सम्मानित

इमरान खान, रूपन्देही । सिद्धार्थनगर नगरपालिकाको तेस्रो नगरसभा सम्पन्न भएको छ । असार १० गतेबाट शुरू भएको सभा सोमबार दिउसो सम्पन्न भएको हो । उक्त नगरसभाको अवसरमा पत्रकार नरेश के.सी.लाई सम्मानित गरिएको छ । लुम्बिनीखबर पत्रिकाका सम्पादक के.सी. लाई सिद्धार्थनगरको समग्र विकासकालागी पत्रकारिताको माध्ययमबाट उल्लेखनीय योगदान दिएको भन्दै नगरको तेस्रो सभाको अवसरमा नगद ५० हजार सहित मेयर हरिप्रसाद अधिकारी, उपमेयर उमा काफ्ले सहितले नगद , प्रमाणपत्र र माला लगाईदिएर सम्मान गरेका थिए । रूपन्देही जिल्लामा नगदराशीका हिसाबले सबैभन्दा ठूलो पुरस्कार मानिएको उक्त पुरस्कार पाउने के.सी. भैरहवाबाट हिमालय टि.भी, राष्ट्रिय दैनिक लुम्बिनी र नेपाल समयकोलागी समाचारदाताको रूपमा समेत काम गर्दछन । प्यूठानको गौमुखी गाउपालिका वडा नम्बर ४ पुजामा , स्वर्गिय हेरमबहादुर खत्री क्षेत्री र महेन्द्रा कुमारीको सुपुत्रको रूपमा विक्रम सम्बत २०४१ सालमा जन्मिएका कोसीले ९ वर्षदेखी रूपन्देहीमा रहेर पत्रकारिता गर्दै आएका छन । त्रिभुवन विश्वविद्यालयबाट एमए, विएड, एलएलबी सम्मको औपचारिक अध्ययन पुरा गरेका कोसी। नेपाल पत्रकार महासंघका प्रदेश सभासद तथा लुम्बिनी प्रेस क्लबका महासचिव समेत हुन् । पत्रकार कोसी खासगरीकन खोजमूलक तथा समीक्षात्मक समाचारको क्षेत्रमा कलम चलाउदैं आएका छन् । कोसीले यस अघि भ्रष्टाचार विरूद्धको पत्रकारिता फेलोसीप लगायत विभिन्न पुरस्कार पनि प्राप्त गरेका थिए ।

### ओम प्लाई एण्ड फर्निचरले पायो आइएसओ मान्यता

नेपालगञ्ज । नेपालगञ्जको वडा नम्बर १३ उदयपुरस्थित ओम प्लाई एण्ड फर्निचर प्रालिले आइएसओ मान्यता प्राप्त गरेको छ । आइएसओ मान्यता पाउनलाई सबै प्रक्रिया पूरा गरेपछि ओमलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त आइएसओ प्रमाणपत्र प्रदान गरिएको हो । उद्योग कार्यालयमै एक कार्यक्रम गरेर उद्योगलाई आइएसओ प्रमाणपत्र प्रदान गरिएको थियो । नेपालमा आइएसओका लागि काम गर्ने भूषाल ग्रुपका गिरिराज भूषालले लगानीको सुरक्षा, कामदारको अवस्था र सुरक्षा तथा उद्योगका उत्पादनहरू भनिए जस्तो गुणस्तरयुक्त भएपछि प्रदान गरिने आइएसओ प्रमाणपत्र ओमलाई पनि दिइएको बताए । आइएसओ मान्यता पाएपछि यसका उत्पादनहरू विदेश पनि निर्यात गर्न सकिने भूषालले बताए । उद्योगका प्रबन्ध सञ्चालक पशुपति दयाल मिश्रले तीन वर्षदेखि सञ्चालनमा रहेको प्लाई उद्योगले काठमाडौंदेखि पश्चिम सबैतिर आफ्ना उत्पादनहरू पठाइरहेको बताए । २ सय जनाले उद्योगमा रोजगारी पाएको उनले जानकारी दिए । उद्योग सञ्चालक समितिका अध्यक्ष जगदिश प्रसाद शुक्लाको अध्यक्षतामा भएको कार्यक्रममा आइएसओका सर्वेश पाठकले ओमले सबै मापदण्ड पूरा गरेकाले आइएसओ प्रमाणपत्र दिइएको बताए । नेपालगञ्ज उद्योग वाणिज्य संघका महासचिव अजय कुमार टण्डनले आइएसओ मान्यता पाएकोमा उद्योगलाई बधाई दिँदै उज्ज्वल भविष्यका लागि शुभकामना व्यक्त गरे ।


ओली राजमा रत्नपार्क र मण्डलामा पनि जुट्न र बोल्न नपाइने ? विमति र विरोध बोल्ने थलो पनि शासकैले तोक्ने ? अनि यसको नाम विधिको शासन ? प्रम ओलीको मतिमा ज्ञानेन्द्रको र गृहमन्त्री रामबादुरको बोलीमा कमल थापाको झल्को । **खगेन्द्र संग्रौला**


गणतन्त्र, समाजवाद उन्मुख नेपाल बनाउने लक्ष्य संविधानमा लेख्नोस् । शिक्षा र स्वास्थ जस्ता बिषय नवउदारवादी बजारलाई छोड्न मिल्दैन । कि त शिक्षा, स्वास्थ्य सार्वजनिक प्रणालीलाइ सुदृढ बनाएर जानुपर्छ, कि त लोकतन्त्र र समाजवाद संविधानबाट झिक्नुपर्छ । सरकार, संसद, दलहरू जनतासँग प्रष्ट कुरा गर । **बिमल कुमार फुँयाल**


हाम्रो जस्तो अविकसित मुलुकमा विकासलाई तिव्रता दिन लोकतन्त्र होइन, तानाशाही व्यवस्था-कल्याणकारी तानाशाही व्यवस्था चाहिन्छ भन्ने गलत सोचका विरूद्ध संघर्ष गरेर लोकतन्त्र ल्यायौं । त्यसैगरी छिटो परिणाम ल्याउन विधि, पद्धतिको पछि लागेर हुन्न भन्ने सोच पनि त्यत्तिकै हानिकारक हुन्छ । **नारायणकाजी श्रेष्ठ**


गृह प्रशासनको भूमिका भनेको सुरक्षा र सुशासनको अनुभुति गराउनु हो । त्रासको भरमा सुशासन ल्याउन खोज्यो भने मौन स्वीकारोक्ति त रहँला तर त्यसले आतंकित पनि बनाउनेछ । राज्य र राजनीतिले आतंकित बनाईरहेसम्म संक्रमण कसरी सकिएला ? **मनिष झा**


नेपालको इतिहासमा अनसनमा ज्यान गुमाउने एक मात्र अनसनकारी गंगामायाका पति नन्दप्रसाद अधिकारी हुन, जो अनसन मै मारिदा मुलुकमा कांग्रेस नेतृत्वको सरकार थियो, मानवअधिकारको यो कलंकको जवाफ "आजको आन्दोलनकारी" कांग्रेस नेतृत्वले दिनु पर्दैन ? **प्रकाश तिमिल्सिना**

# नेपाल र भारतबीच जलमार्ग सम्झौता कार्यान्वयन हुने



काठमाडौं । नेपाललाई जलमार्गबाट जोड्ने सम्बन्धमा नेपाल र भारतका प्रधानमन्त्रीबीच भएको सम्झौता कार्यान्वयन गर्न दुवै देशका अधिकारीहरूबीच छलफल हुने भएको छ । असार ३१ र ३२ काठमाडौंमा दुवै देशका छुट्टाछुट्टै संयन्त्रको संयुक्त बैठक बसी जलमार्गका सम्भावना, प्राविधिक तथा आर्थिक पक्ष र कुन नदीमा कस्तो खालको पानीजहाज चलाउन सकिन्छ भन्नेबारेमा विस्तृत छलफल हुने भएको हो ।

बैठकमा जलस्रोत, ऊर्जा तथा सिंचाइ मन्त्री वर्षमान पुनले गठन गरेको समिति र भारतको इनल्यान्ड वाटरवेज अथोरिटीका अधिकारीबीच छलफल हुन लागेको नेपालतर्फका संयोजक एवं जल तथा ऊर्जा आयोग सचिवालयका सहसचिव माधव बेलबासेले बताए ।

समितिले भारतीय अधिकारीहरूसित जलमार्ग सञ्चालनको विस्तृत पाटो अध्ययन गरी भारतसित सहमति गर्ने कार्यादेश पाएको छ ।

सहसचिव बेलबासेका अनुसार प्रारम्भिक अध्ययनले भारतको हल्दिया बन्दरगाहलाई जलमार्गबाट जोड्ने उपयुक्त नदी गण्डक र कोसी देखिएको छ । हल्दियादेखि कोसीको नेपाल भारत सीमा क्षेत्रसम्म सात सय २५ किलोमिटर दूरी छ भने गण्डकसम्म आठ सय ५० किलोमिटर पर्छ ।

हल्दिया बन्दरगाह कलकत्तादेखि ४५ किलोमिटर टाढा छ । यो जलमार्ग योजना सफल भएमा नेपालको सामुद्रिक बन्दरगाहसम्म सजिलो पहुँच पुग्ने अपेक्षा दुवै देशको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको गत चैत २३ गते भएको भारत भ्रमणपछि जारी भएको संयुक्त विज्ञप्तिको बुँदा नं. ९ मा 'भारत र नेपालबीच इनल्यान्ड वाटरवेजको माध्यमबाट नयाँ कनेक्टिभिटी' गरिने उल्लेख छ ।

## आर्थिक समाचार

### कथा संकलनमा बृज सिमेन्टले सघाउने



काठमाडौं । २२औं पटक सगरमाथाको सफल आरोहण गरेका कामीरिता शेर्पालाई बृज सिमेन्टले बधाई ज्ञापन गरेको छ । बृज सिमेन्ट र पुष्पतारा केडिया सेवा संस्थाले आज काठमाडौंमा विशेष कार्यक्रमका बीच सम्मान गरेको हो । साथै शेर्पाले सन् २०१९ मा सगरमाथा वरिपरिका बस्तीहरूमा यात्रा गरी सो हिमाली भेगका कथाहरू संकलन गर्ने उद्देश्य लिएकाले त्यसमा पनि बृज सिमेन्टले सघाउने प्रतिबद्धता व्यक्त गरेको छ । खासगरि शेर्पा समूदायको सांस्कृतिक, आर्थिक, सामाजिक तथा मौलिक कथाहरू विश्वसामू चिनाउन कथा संकलन गर्न लागिएको शेर्पाले बताए । 'स्टोरी साइकल'सँगको सहकार्यमा गरिन लागिएको कथा संकलनका क्रममा २०७२ बैशाख १२ गते गएको आम विनासकारी भूकम्प पश्चातको पुर्ननिर्माणका कथाहरू समेट्ने उद्देश्य लिइएको छ । २०१८ को सिजनमा २२ औं पटक विश्वको सर्बोच्च शिखर सगरमाथाको सफल आरोहण गरी विश्व कीर्तिमान गरेका कामीरिताले आगामी दिनमा सगरमाथा वरिपरिको क्षेत्रमा बसोबास गर्ने शेर्पा समूदाय र सगरमाथा वरिपरिको वातावरण संरक्षणमा भूमिका खेल्ने बताए । कार्यक्रममा बृज सिमेन्ट इण्डष्ट्रिज प्रालिका प्रबन्ध निर्देशक मनोज केडियाले नेपाललाई विश्वसामू सगरमाथा आरोहणबाट चिनाउन सफल शेर्पालाई बधाई दिँदै आगामी दिनमा पनि थप सहकार्य हुने प्रष्ट पारे । उनले बृज सिमेन्टको सामाजिक उत्तरदायित्व अभियान अन्तरतग राम्रा कामगर्नेलाई सधैं प्रोत्साहन गर्ने पनि उल्लेख गरे ।

## राजपामा अध्यक्ष मण्डल नरहने

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालले पार्टीको संशोधित विधानका बारेमा छलफल गरेको छ । राजपाको राजनीतिक समितिको बैठकमा पार्टीको महाधिवेशनका लागि परिमार्जन भएको विधानका विषयमा छलफल भएको हो । संशोधित विधानमा पार्टीको अध्यक्ष मण्डल नरहने गरी प्रस्ताव गरिएको छ । गत वर्षको बैशाखमा ६ पार्टी एकता भएपछि ती पार्टीका अध्यक्ष सदस्य रहने गरी राजपामा अध्यक्ष मण्डल रहने व्यवस्था गरिएको थियो । अध्यक्ष मण्डल रहँदा निर्णय प्रक्रियामा समस्या भएको भन्दै राजपाले अध्यक्ष मण्डल नराख्न प्रसतव गरेको हो । बैठकले परिमार्जित विधान पारित गरेपछि राजपाले निर्वाचन आयोगमा महाधिवेशनका लागि समय माग्नेछ । यसअघिको राजनीतिक समितिको बैठकले पार्टीको महाधिवेशन २०७६ बैशाख ७ देखि ९ गतेसम्म गर्ने निर्णय गरिसकेको छ ।

## सम्पादक अहिराज सम्मानित



जनकपुरधाम । यस मधेशवाणीका सम्पादक तथा मधेश मिडिया हाउसका अध्यक्ष एवं मधेश मामिलाका जानकार डा. राजेश अहिराजलाई राष्ट्रिय युवा परिषद्को जिल्ला युवा समितिको कार्यालय धनुषाले सम्मान गरेको छ । विभिन्न चरणमा विभिन्न कार्यक्रमबाट नेपाली युवा आन्दोलनलाई उत्कर्षमा पुऱ्याउन योगदान दिएको भन्दै जिल्ला युवा समितिको कार्यालय धनुषाले बुधबार एक कार्यक्रमबीच सम्मान गरेको हो । यसैगरी, नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष धर्मेन्द्र झा, सचिव पुरन गुप्ता, पर्यावरण तथा वन विशेषज्ञ सुरेश शर्मा, कलाकार रिना यादव, डा.गौतम साह, युवा उद्यमी सन्तोष चौधरी, सञ्चारकर्मीहरू मनिका झा, दीपक कर्ण लगायतलाईसमेत सम्मान गरिएको थियो ।

## मधेश अहिले...

**० संविधान सर्वसहमतिबाट लागू गराउन त तपाईंहरूको पनि हात होला नि ?**

– छैन । हामी त सडकमा थियौं । अहिले पनि हामी संशोधनको माग गर्दै आएका छौं । हामी सुरूदेखि नै संशोधनको माग गर्दै आयौं तर हाम्रो आवाज सुन्दै सुनेन । हाम्रो आवाज नसुनिएपछि बाध्य भएर सडकमा जानुपऱ्यो । त्यसको बदलामा हामीमाथि गोली चलाइयो ।

**० तपाईं अहिले आएर आलोचना गर्नुहुन्छ, तर २०६४ सालसम्म कांग्रेसमा हुँदा मन्त्री नै हुनुहुन्थ्यो किन गर्न सक्नुभएन ?**

– तपाईं एउटा पक्षको मात्रै कुरा गर्नुहुन्छ । जतिबेला नेपाली कांग्रेसको झापामा महाधिवेशन भएको थियो, त्यो मञ्चबाट मैले त्यो कुरा उठाएको थिएँ । किन मधेशीलाई सेनामा भर्ना लिइँदैन, किन राज्यको हरेक निकायमा मधेशीको पहुँच छैन, त्यो आवाज चाहे पार्टीको प्लेटफर्मबाट होस् वा मन्त्रिपरिषद्मा होस्, जहिले पनि कुरा उठाएकै थिएँ । त्यो आवाज अहिलेसम्म उठ्दैछ । दुई चार जना डाक्टर, इन्जिनियर तर सैनिकमा एउटा पनि छैन । आजको संसार मात्र खुकुरी र तरवारको मात्र रहेन, आज शिक्षा, प्रशिक्षणको संसार हो ।

**० त्यसो हो भने सिंहदरबारसँगको दूरी बढ्दो छ कि घट्दो छ ?**

– सिंहदरबारले नारा लगायो कि सिंहदरबार गाउँ-गाउँमा पुग्छ, तर ठिक त्यसको उल्टो भएको छ । सिंहदरबारले गाउँ र प्रदेशलाई कब्जा गऱ्यो । शासन/प्रशासन उसैको छ, हाम्रा प्रतिनिधिहरूको कुरा सुनिँदैन । अहिलेको शासन केन्द्रिकृत व्यवस्थामा छ, ती अधिकारहरू गाउँ-गाउँसम्म पुऱ्याउनका लागि नै संघ, प्रदेश र स्थानीय तह ल्याइएको हो । तर, कामकाजको अवस्था के छ, बजेटको अवस्था के छ ? बजेट चाहीँ ८५ प्रतिशत केन्द्रले लिने, पाँच प्रतिशत स्थानीय तहलाई र १० प्रतिशत प्रदेशलाई दिएको छ ।

**० परिवर्तन हुन चिन्तन चाहिँदो रहेछ, चिन्तन परिवर्तन ठूलो कि शासन/प्रशासन परिवर्तन ठूलो भन्ने बहस गर्ने कि नगर्ने ?**

– सुरूदेखि म लोकतन्त्रका लागि संघर्ष गरेको हुँ । दोस्रो कुरा राष्ट्रियता र मधेशमा चाहिँ मेरो सधैं 'रिजर्भेसन' थियो । त्यो 'रिजर्भेसन' झापा अधिवेशनमा पनि उठाएँ र अरू ठाउँमा पनि उठाउँदै आएको हुँ । सुशासनका लागि असल कानून चाहियो र असल प्रशासक चाहियो । तर, जुन वातावरणबाट आएको छ, उ र उही मानसिकताबाट काम गरिरहेका छन् । नेपालमा अहिले पनि त्यही भइरहेको छ । दुनियाँमा हल्ला गर्ने कि नेपाल विविधतापूर्ण देश हो, सबै समुदायका मानिसहरू यहाँ बसिरहेका छन् तर समानताको कुरा खै त ? के यहाँका सबै जनताले समानताको अनुभूति गर्न पाएका छन् ? सबैले समान अवसर पाएका छन् ? किन यो असमान व्यवहार ? अहिले पनि त्यही उपनिवेशिक व्यवहार गर्ने हो ? लोकतन्त्रको लडाइँमा मधेश कहाँ पछाडि थियो, सात वटा आमसभा हुँदा छ वटा आमसभा मधेशमा हुन्थ्यो । घर-घरबाट मानिस निस्केका थिए । तर, पायो के र अहिले के पाइरहेका छन् ? कुनै पनि आन्दोलनमा महिलामाथि दुर्व्यवहार गरिएको थिएन, छातीमाथि गोली हानिएको थिएन तर मधेश आन्दोलनमा किन त्यस्तो भयो ? किन बाटोमा हिंड्नेलाई गोली हानियो ?

**० देशमा जुनसुकै आन्दोलन हुँदा व्यक्ति र दल विशेषले आफ्नो स्वार्थ हेरे । जस्तो कि दृष्टान्तका लागि भन्नुपर्दा तपाईंहरूले मधेश आन्दोलनमा जनताको बढी सहभागिताका लागि ५० लाख पुरस्कारको कुरा गर्नुभयो । अहिले प्रदेश २ मा तपाईंहरूको सरकार बनेको छ, शहीदको सपना वा शहीद परिवारलाई सम्बोधन गर्न त्यो सरकार लाचार बनिरहेको छ । यस अर्थमा राजनीतिक बेइमानी महन्थ ठाकुरको तर्फबाट भएको हो भन्न मिल्छ कि मिल्दैन ?**

– मलाई थाहा थिएन कि तपाईं सरकारको प्रवक्ता भएर मसँग कुरा गर्नुहुन्छ । मलाईले त एउटा पत्रकारको रूपमा कुरा गर्नुहुन्छ भन्ने लागेको थियो । मेरो एउटा प्रश्न छ-कैलालीको एउटा क्षेत्रबाट रेशमलाल चौधरीले जित्नु भयो । निर्वाचन आयोगले उहाँलाई विजयी घोषित गऱ्यो, तर अहिलेसम्म उहाँले प्रमाणपत्र पाउनु भएको छैन । त्यहाँका एक लाख जनताको प्रतिनिधित्व संसदमा कसले गरिरहेको छ ?

**० तर मेरो प्रश्न त्योभन्दा पनि महत्वपूर्ण छ, मधेश आन्दोलनका शहीद परिवारलाई काठमाडौंले त हेरेन तर प्रदेश २ को सरकार किन मौन ?**

– तपाईंले कारण पत्ता लगाउनु भएन । अहिले सम्पूर्ण अधिकार सिंहदरबारको हातमा छ, त्यहाँ एउटा संरचना कागजमा मात्रै खडा भएको छ । त्यस्तो सरकारलाई दोष दिने हो । हामी शहीदलाई कहाँ बिर्सेका छौं, खाली प्रदेश २ का शहीदको कुरा मात्रै हैन नि । हामीले त सम्पूर्ण मधेशमा जो शहीद भएका छन्, जो पीडित छन् तिनका लागि संघर्ष गरिरहेका छौं । यहाँका मानिसहरूलाई मधेश शब्दबाट एलर्जी छ तर हामीलाई मधेशवादी भन्ने । अनि मधेश शब्दबाट एलर्जी किन ? त्यो हामीले राखेको नाम होइन, हाम्रो त गौरवपूर्ण इतिहास छ । विश्वको इतिहास पढ्नुस्, त्यहाँ हाम्रो अवस्थिति छ । बुद्ध र सीतालाई विश्वमा कसले चिन्दैन ?

**० मधेश आन्दोलन हुँदा दर्जनौं सहमति र सम्झौताहरू हुने तर, त्यसलाई कार्यान्वयन नगर्ने प्रवृत्ति किन भएको होला ?**

– यो प्रश्न त सरकारसँग सोध्नुपर्ने हो । मधेश आन्दोलनमा भएका घटनाहरूको छानबिनका लागि एउटा न्यायिक आयोग गठन भएको थियो त्यसले प्रतिवेदन पनि बुझायो तर त्यसलाई सार्वजनिक गरिएको छैन ।

*(एपी वन टेलिभिजनमा प्रसारित अन्तर्वार्ताको मुख्य अंश)*








## हार्दिक श्रद्धाञ्जली


स्व.नारायणीदेवी श्रेष्ठ

जनआस्था साप्ताहिकका सम्पादक तथा प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठकी ममतामयी आमा **नारायणीदेवी श्रेष्ठ**को ७७ वर्षको उमेर भएको दुःखद निधनप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दछु ।

**डा.राजेश अहिराज**
**सम्पादक, मधेशवाणी**

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं